# जीतपुरसिमरा उपमहानगरपालिका नगरकार्यापालिकाको
# प्रथम बैठक

आज मिति २०७४।०६।२४ गते मंगलवार दिनको ३:०० बजे यस जीतपुरसिमरा उपमहानगरपालिका नगरकार्यपालिकाको प्रथम बैठक नगर प्रमुख श्री डा. कृष्ण पौडेलज्यूको अध्यक्षतामा बैठक वसी तपसिल बमोजिम उपस्थितिमा प्रस्तावित बिषयहरुमा छलफल गरियो ।

उपस्थिति :

१) श्री डा. कृष्ण पौडेल, प्रमुख, जीतपुरसिमरा उप-महानगरपालिका

२) श्री सरस्वती चौधरी, उप-प्रमुख, जीतपुरसिमरा उप-महानगरपालिका

३) श्री हिरा ब. गुरुङ्ग, वडाध्यक्ष-१

४) श्री तिलक ब. श्रेष्ठ, वडाध्यक्ष-२

५) श्री जगन्नाथ घिमिरे, वडाध्यक्ष-३

६) श्री भोज ब. खत्री, वडाध्यक्ष-४

७) श्री मोहित चौधरी, वडाध्यक्ष-५

८) श्री कैमुदिन ~~सउत~~ अंसारी, वडाध्यक्ष-६

९) श्री रामबाबु प्रसाद कलवार, वडाध्यक्ष-७

१०) श्री रामबावु राउत कुर्मी, वडाध्यक्ष-८

११) श्री प्रभु नाथ प्रसाद चौधरी, वडाध्यक्ष-९

१२) श्री सरोज कुमार राउत, वडाध्यक्ष-१०

१३) श्री विनोद प्रसाद यादव, वडाध्यक्ष-११

१४) श्री लालवावु प्रसाद चौधरी, वडाध्यक्ष-१२

Scanned by CamScanner

१५) श्री राजेन्द्र प्रसाद सिहँ थारु, वडाध्यक्ष-१३

१६) श्री रामशरण वर्तौला, वडाध्यक्ष-१४

१७) श्री राम प्रसाद लामिछाने, वडाध्यक्ष- १५

१८) श्री केदार नाथ वजगाँई, वडाध्यक्ष- १६

१९) श्री नवराज वहादुर खड्का, वडाध्यक्ष- १७

२०) श्री अर्जुन प्रसाद दहाल, वडाध्यक्ष- १८

२१) श्री सुधन दास तत्मा, वडाध्यक्ष- १९

२२) श्री रसुल मिया अंसारी, वडाध्यक्ष- २०

२३) श्री कृष्ण वहादुर ठकुरी, वडाध्यक्ष- २१

२४) श्री मणिकलाल थिङ्ग तामाङ्ग, वडाध्यक्ष- २२

२५) श्री असलम देवान, वडाध्यक्ष- २३

२६) श्री इलीयास देवान, वडाध्यक्ष- २४

२७) श्री सुमित्रा कार्की, निर्वाचित सदस्य

२८) श्री राम दुलारी चौधरी, निर्वाचित सदस्य

२९) श्री सुन्दर वहादुर सुनार, निर्वाचित सदस्य

३०) श्री श्याम सुन्दर पासवान, निर्वाचित सदस्य

३१) श्री राजकुमार महरा, निर्वाचित सदस्य

३२) श्री अनिता देवी चौधरी, निर्वाचित सदस्य

३३) श्री सुभद्रा न्यौपाने, निर्वाचित सदस्य

Scanned by CamScanner

३४) श्री कमल चौधरी, निर्वाचित सदस्य

३५) श्री डिल्लीराज वेल्वासे, सचिव

<u>**अन्य उपस्थिति**</u>

३६) श्री बिसमिल्लाह अंसारी, लेखा अधिकृत

३७) श्री विरेन्द्र महतो, शाखा अधिकृत

३७) श्री संजिब रुपाखेती, ईन्जिनियर

३८) श्री वीरेन्द्र वाईवा, ना.सु

Scanned by CamScanner

**छलफलका विषयहरु**

१. धन्यबाद प्रस्ताव पारीत गर्ने सम्बन्धमा ।

२. जीतपुरसिमरा उ.म.न.पा.को हालसम्म भएका **कार्यप्रगति** सम्वन्धमा ।

३. वडा कार्यालय ब्यवस्थापन सम्बन्धमा ।

४. **सवारी साधन** तथा अन्य साधन व्यवस्थापन सम्बन्धमा ।

५. **भोजपुरी भाषालाई** दोश्रो कामकाजको भाषा वनाउने सम्वन्धमा ।

६. प्रथम नगर सभा सम्वन्धमा ।

७. विविध ।

**निर्णयहरु :**

**निर्णय नं (१)** : स्थानीय निर्वाचनमा जीतपुरसिमरा उपमहानगरमा हामीलाई जिताउनुहुने र निर्वाचन प्रक्रियामा भाग लिनुहुने सम्पूर्ण मतदाताहरुप्रति हार्दिक आभार प्रकट गर्दछौं । निर्वाचनको सहजीकरण गर्ने निर्वाचन अधिकृतज्यूलगायत टिमलाई हार्दिक धन्यवाद व्यक्त गर्दछौं । निर्वाचनलाई शान्तिपूर्ण र मर्यादित वनाउन स्थानीय सुरक्षा प्रशासनको भूमिकाप्रति धन्यवाद व्यक्त गर्दछौं । साथै निर्वाचनमा सहयोग गर्नुहुने र शुभेच्छा राख्नुहुने सवैप्रति हार्दिक कृतज्ञता जाहेर गर्दछौं ।

**प्रस्ताव नं. (२)** : माथि छलफल गर्दा यस जीतपुरसिमरा उपमहानगरपालिका कार्यालयको हालसम्मको प्रगती विवरण कार्यकारी अधिकृतज्युवाट प्रस्तुत भई बैठकमा सामान्य जानकारी भयो सो को विस्तृत विवरण सहित आगामी वैठकमा जानकारी गराउन का.अ.सहितको कर्मचारी टोलीलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं (३)** : प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस नगर क्षेत्र अर्न्तगत रहेको २४ वटै वडाहरुबाट जनताको घरदैलो सम्म सेवा प्रवाह गर्ने उद्धेश्यले हाल संयुक्त वडा कार्यालय सञ्चालन भएको कार्यालयको भौतिक संरचना समेतलाई मध्येनजर गरी सोहि स्थान बाट भएका कर्मचारीहरुलाई व्यवस्थापन गरी सेवा प्रवाह गर्ने र भौतिक संरचना उपलब्ध हुन नसकेको निम्न वडाहरुमा प्रक्रियागत रुपले घर भाडामा लिई वडा कार्यालय सञ्चालन गर्ने निर्णय गरीयो ।

**वडाहरु:** १, ३, ४, ५, ६, ७, ८, १०, ११, १३, १४, १६, १७, १९, २०, २२, २३ र २४

Scanned by CamScanner

**निर्णय नं (४)** : प्रस्ताव नं. ४ माथि छलफल गर्दा कार्यालयको कार्य जिम्मेवारी र आवश्यकता समेतलाई मध्यनजर गरी १ (एक) थान सवारी साधन भाडामा लिने गर्ने निर्णय गरीयो साथै यस नगर क्षेत्रको विकास गतिविधिलाई अझ प्रभावकारी रुपमा विस्तार गर्न हाल भैरहेको सवारी साधनले मात्र अपुग देखिएको हुदाँ थप भारी सवारी साधन (ग्रेडर-१, एक्साभेटर-१,टिपर-६ थान) यथाशिघ्र भाडामा लिई व्यवस्थापन गर्न जिल्ला समन्वय समिति बारा लगायत अन्य निकायमा पहल गर्ने निर्णय गरीयो साथै उक्त कार्य वडा अध्यक्षको प्रत्यक्ष निगरानीमा गर्न प्रतिनिधि र कर्मचारी सम्मिलित ५ सदस्यीय तपशिल वमोजीमको कार्य समिति गठन गरी संचालन गर्ने निर्णय गरीयो ।

क) श्री विनोद प्रसाद यादव

ख) श्री भोज वहादुर खत्री

ग) श्री सरोज पटेल

घ) श्री रामवावु कलवार

ङ) श्री राम नरेश यादव

**निर्णय नं (५)** : माथि छलफल गर्दा यस उपमहानगरपालिका जनसांखीक रुपले भोजपुरी भाषीहरुको वाहुल्य क्षेत्र भएको हुदाँ सेवाग्राहिलाई कार्यालयमा सेवा प्रवाह गर्दा सहज ढंगबाट सेवा सुविधा दिन सकियोस भन्ने उद्धेश्यका साथ यस उप.म.न.पा. को दोश्रो कामकाजको भाषाको रुपमा भोजपुरी भाषालाई मान्यता दिई सोहि अनुसार सेवा प्रवाह गर्ने निर्णय गरीयो ।

**निर्णय नं (६)** : प्रस्ताव नं ६ माथि छलफल गर्दा यस उपमा.न.पा. को नगर परिषद आगामी कार्तिक ३० गते भव्य र सभ्य तवरवाट सञ्चालन गर्ने निर्णय गरीयो ।

**निर्णय नं (७)** : उपस्थित सबै नगर सदस्यहरु, कर्मचारी साथिहरु लगायतलाई धन्यबाद दिदै वैठक सम्पन्न भयो ।

Scanned by CamScanner

# जीतपुरसिमरा उपमहानगरपालिका नगरकार्यपालिकाको
# दोश्रो बैठक

आज मिति २०७४।०७।०७ गते मंगलबार दिनको १:०० बजे यस जीतपुरसिमरा उपमहानगरपालिका नगरकार्यपालिकाको दोश्रो बैठक नगर प्रमुखश्री डा. कृष्ण पौडेलज्यूको अध्यक्षतामा बैठक वसी तपसिल बमोजिम उपस्थितिमा प्रस्तावित बिषयहरुमा छलफल गरियो ।

उपस्थिति :

१) श्री डा. कृष्ण पौडेल, प्रमुख, जीतपुरसिमरा उप-महानगरपालिका

२) श्री सरस्वतीचौधरी, उप-प्रमुख, जीतपुरसिमरा उप-महानगरपालिका

३) श्री हिरा ब. गुरुङ्ग, वडाध्यक्ष-१

४) श्री तिलक ब. श्रेष्ठ, वडाध्यक्ष-२

५) श्री जगन्नाथ घिमिरे, वडाध्यक्ष-३

६) श्री भोज ब. खत्री, वडाध्यक्ष-४

७) श्री मोहित चौधरी, वडाध्यक्ष-५

८) श्री कैमुद्दिन अंसारी, वडाध्यक्ष-६

९) श्री रामबाबु प्रसाद कलवार, वडाध्यक्ष-७

१०) श्री रामबाबु राउतकुर्मी, वडाध्यक्ष-८

११) श्री प्रभुनाथ प्रसाद चौधरी, वडाध्यक्ष-९

१२) श्री सरोज कुमार राउत, वडाध्यक्ष-१०

१३) श्री बिनोद प्रसाद यादव, वडाध्यक्ष-११

Scanned by CamScanner

१४) श्री लालबाबु प्रसाद चौधरी, वडाध्यक्ष-१२

१५) श्री राजेन्द्र प्रसाद सिंह थारु, वडाध्यक्ष-१३

१६) श्री रामशरण बर्तौला, वडाध्यक्ष-१४

१७) श्री राम प्रसाद लामिछाने, वडाध्यक्ष- १५

१८) श्री केदारनाथ बजगाई, वडाध्यक्ष- १६

१९) श्री नवराज बहादुर खड्का, वडाध्यक्ष- १७

२०) श्री अर्जुन प्रसाद दाहाल, वडाध्यक्ष- १८

२१) श्री सुधन दास तत्मा, वडाध्यक्ष- १९

२२) श्री रसुल मिया अंसारी, वडाध्यक्ष- २०

२३) श्री कृष्ण बहादुर ठकुरी, वडाध्यक्ष- २१

२४) श्री मणिकलाल थिङ्ग तामाङ्ग, वडाध्यक्ष- २२

२५) श्री असलम देवान, वडाध्यक्ष- २३

२६) श्री इलीयास देवान, वडाध्यक्ष- २४

२७) श्री सुमित्रा कार्की, निर्वाचित सदस्य

२८) श्री रामदुलारी चौधरी, निर्वाचित सदस्य

२९) श्री सुन्दर बहादुर सुनार, निर्वाचित सदस्य

३०) श्री श्याम सुन्दर पासवान, निर्वाचित सदस्य

३१) श्री राजकुमार महरा, निर्वाचित सदस्य

३२) श्री अनिता देवी चौधरी, निर्वाचित सदस्य

Scanned by CamScanner

३३)  श्री सुभद्रा न्यौपाने, निर्वाचित सदस्य

३४)  श्री कमल चौधरी, निर्वाचित सदस्य

३५)  श्री रामकृष्ण उप्रेती, सचिव

**अन्य उपस्थिति**

३६)  श्री बिसमील्लाह अंसारी, लेखाअधिकृत

३७)  श्री विरेन्द्र महतो, शाखाअधिकृत

३७)  श्री संजिव रुपाखेती, ईन्जिनियर

३८)  श्री गोपाल खपांगी, ना.सु.

३९)  श्री वीरेन्द्र वाईवा, ना.सु

Scanned by CamScanner

प्रस्तावहरु :

१. रिपोर्टिङ्ग तथा कार्यप्रगती सम्बन्धमा ।
२. आ.व. २०७४।०७५ को हाल सम्मको आर्थिक विवरण सम्बन्धमा ।
३. विषयगत समितिहरु गठन सम्बन्धमा ।
४. प्रथम नगरसभा तयारी सम्बन्धमा ।
५. वडासभा संचालन सम्बन्धमा ।
६. जनप्रतिनिधिहरुको अभिमुखीकरण कार्यक्रम संचालन सम्बन्धमा ।
७. तत्कालगर्नु पर्ने पूर्वाधार निर्माण तथा सुधार सम्बन्धमा ।
८. फोहोरमैलाव्यवस्थापन सम्बन्धमा ।
९. जग्गा (ऐलानी, पर्ती, सरकारी) व्यवस्थापन सम्बन्धमा ।
१०. वडागत वजेटको प्राथमिकीकरण सम्बन्धमा ।
११. विविध

निर्णयहरु:

**निर्णय नं (१):** प्रस्ताव नं १ माथि छलफल गर्दा हालसम्म उपमहानगरपालिकाबाट भएका कार्यप्रगतिको बारेमा नगर प्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यूबाट जानकारी गराइयो । सम्वन्धित वडा अध्यक्षज्यूहरुबाट पनि वडा प्रगतिका साथै विभिन्न समस्याहरुको बिषयमा जानकारी गराईयो ।

**निर्णय नं (२):** प्रस्ताव नं २ माथि छलफल गर्दाउप.म.न.पा.का प्रमुख प्रशासकीय अधिकृतज्यूबाट गत आ.व. २०७३।०७४ को र चालु आ.व.०७४।०७५ को कार्तिक ६ गते सम्म भएको आय/व्यय विवरण जानकारी गराईयो साथै १/१ प्रती आर्थिक प्रतिवेदन समेत उपलब्ध गराईयो ।

**निर्णय नं (३) :** प्रस्ताव नं ३ माथि छलफल गर्दा कार्यपालिकाको समिति आगामी बैठकमा गठन गर्ने निर्णय गरियो ।

**निर्णय नं (४) :** प्रस्ताव नं ४ माथि छलफल गर्दा आगामी कार्तिक ३० गते हुने प्रथमनगर सभा तयारीकालागी तपसिल बमोजिमका समितिहरु गठनगरियो ।

क. स्थानीय राजश्व परामर्श समिति

| | |
|---|---|
| संयोजक | नगर उपप्रमुख श्री सरस्वती देवी चौधरी |
| सदस्य | प्रमुख प्रशासकीय अधिकृत श्री राम कृष्ण उप्रेती |
| सदस्य | श्री रामबाबु प्रसाद कलवार |
| सदस्य | श्री सुमित्रा कार्की |
| सदस्य | नगर उद्योग बाणिज्य संघको अध्यक्ष वा तोकिएको प्रतिनिधि |

Scanned by CamScanner

सदस्य सचिव राजश्व शाखा प्रमुख नवराज ढुङ्गेल

**ख. श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति**

| | |
|---|---|
| संयोजक | नगर प्रमुख डा. श्री कृष्ण प्र. पौडेल |
| सदस्य | नगर उपप्रमुख श्री सरस्वती देवी चौधरी |
| सदस्यहरु | कार्यपालिकाका सदस्यहरु मध्ये महिला, दलित वा अल्पसंख्यक समेतको प्रतिनिधित्व हुने गरी नगरप्रमुखले तोकेको (श्री श्याम सुन्दर पासवान, श्री रामबाबु प्रसाद कलवार, श्री सरोज कुमार पटेल र श्री अनिता देवी चौधरी) |
| सदस्य सचिव | प्रमुख प्रशासकीय अधिकृत श्री रामकृष्ण उप्रेती |

**ग. बजेट तथा कार्यक्रम तर्जुमा समिति**

| | |
|---|---|
| संयोजक | नगर उपप्रमुख श्री सरस्वती चौधरी |
| सदस्यः | विषयगत क्षेत्र हेर्ने नगर कार्यपालिकाका सदस्यहरु |
| सदस्यः | प्रमुख प्रशासकीय अधिकृत श्री रामकृष्ण उप्रेती |
| सदस्य सचिवः | योजना शाखा प्रमुख ई. रामनरेश यादव |

**निर्णय नं.(५) :** प्रस्ताव नं. ५ माथि छलफल गर्दा आगामी २०७४ कार्तिक ३० गते हुने प्रथम नगर सभाका लागि वडाबाट वस्ती तथा टोल स्तरिय योजनाको माग तथा संकलन, प्राथमिकिकरण तथा छनौट गरी वडा समितिबाट मिति २०७४/०७/२२ गते भित्र उप म.न.पा.मा उपलब्ध गराईसक्नुपर्ने निर्णय गरियो ।

**निर्णय नं (६) :** प्रस्ताव नं ६ माथि छलफल गर्दा निर्वाचित जनप्रतिनिधिहरुलाई आफनो काम, कर्तव्य र अधिकारको वारेमा जानकारी गराउनुपर्ने भएको र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सचिव श्री दिनेश थपलियाज्यूले दिनुभएको समयलाई मध्यनजर गर्दै तपसिल बमोजिम एक दिने अभिमुखीकरण कार्यक्रम गर्ने निर्णय गरियो:

मितिः २०७४।०७।१४ गते बिहान ०७:०० बजे ।

स्थानः होटल ईच्छा, सिमरा ।

**निर्णय नं (७) :** प्रस्ताव नं ७ माथि छलफल गर्दा वडाहरुमा बाढी डुवानको क्षतिलाई समेत मध्यनजर गरी हाललाई सामान्य विकास निर्माण, मर्मत तथा सुधारकालागि नगर सभाबाट पारीत हुने गरी वडाले प्राप्त गर्ने बजेटमध्ये हाललाई रु. ५,००,०००।०० (अक्षरेपी पांच लाख रुपैया मात्र) स्थानीय महत्वपूर्ण पर्व छठ लाई मध्यनजर राखी सामान्य सडकबत्ती तथा घाट सुधारकालागि रु. ५०,०००।०० (अक्षेरुपी पचास हजार समेत)प्रत्येक वडामा बजेट बिनियोजन गर्ने निर्णय गरियो ।

Scanned by CamScanner

निर्णय नं (८) : प्रस्ताव नं ८ माथि छलफल गर्दा यस उपमहानरपालिकामा फोहोर व्यवस्थापन समस्या बनिरहेको र विगतमा भएको अभ्यास कार्यान्वयन हुन नसकेको अवस्थालाई मध्यनर गर्दै अल्पकालिन तथा दिर्घकालिन व्यवस्थापनकालागि तपसिल बमोजिम फोहोरमैला व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| श्री भोज बहादुर खत्री | संयोजक |
| श्री मोहित चौधरी | सदस्य |
| श्री रामबाबु प्र.कलवार | सदस्य |
| श्री बिनोद यादव | सदस्य |
| श्री सुभद्रा न्यौपाने | सदस्य |
| श्री तिलक श्रेष्ठ | सदस्य |
| श्री संजिब रुपाखेती | सदस्य सचिव |

निर्णय नं (९): प्रस्ताव नं ९ माथि छलफल गर्दा यस उपमहानगरपालिका क्षेत्रभित्र सार्वजनिक ( ऐलानीपर्ती, सरकारी) जग्गाको लगत तयारी गरी संरक्षण र व्यवस्थापन गर्न आगामी बैठकमा समिति गठन गरी कामगर्ने, विगतमा सुकुम्बासी समस्या समाधान आयोगले पुर्जा वितरण गरेका जग्गाहरुको सम्वन्धमा चलनचल्तीमा ल्याउनकालागि मालपोत कार्यालयसंग समन्वय गरी कार्य अघि बढाउन पहलगर्ने र अव्यवस्थित बसोबासको सम्वन्धमा नेपाल सरकारबाट गठन हुने जिल्लास्तरीय व्यवस्थित बसोबास समितिको विधिवतकार्य थालनी पश्चात उक्त समितिमा पहलकदमी गर्ने निर्णय गरियो ।

निर्णय नं (१०) : प्रस्ताव नं. १० माथि छलफल गर्दा हाललाई वडा कार्यालय सञ्चालनकालागि मासिक रु. ५,०००।०० (पांचहजार रुपैया) र कार्यालय सहयोगी नभएका वडाहरुमा थप मासिक रु ५,०००।०० ( अक्षरुपी रु पांचहजार रुपैया) नगरसभाबाट पारीतहुने गरी बजेट सिलिङ्ग उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं (११): को विविधमा**

क) नगर उद्योग बाणिज्य संघले दिएको निवेदन अनुसार बढीमा ३ (तीन) महिनाका निम्ति पुरानो भवनमा रहेको दुईवटा सटर कोठा उपलब्ध गराउने निर्णय गरियो ।

ख) मुलुकभरका महानगरपालिका, उपमहानगरपालिका र नगरपालिकाको छाता संगठन नेपालनगरपालिका संघको सदस्यताकालागि आएको पत्रका आधारमा उक्त संघमा आवश्यक काजगात र शुल्क बुझाई सदस्यता लिने निर्णय गरियो ।

Scanned by CamScanner

# जीतपुरसिमरा उपमहानगरपालिका नगरकार्यपालिकाको
# तेश्रो बैठक

आज मिति २०७४।०७।१७ गते शुक्रबार दिनको १:०० बजे यस जीतपुरसिमरा उपमहानगरपालिका नगरकार्यपालिकाको तेस्रो बैठक नगर प्रमुख श्री डा. कृष्ण पौडेलज्यूको अध्यक्षतामा बैठक बसी तपसिल बमोजिम उपस्थितिमा प्रस्तावित बिषयहरुमा छलफल गरियो ।

उपस्थिति :

१) श्री डा. कृष्ण पौडेल, प्रमुख, जीतपुरसिमरा उप-महानगरपालिका

२) श्री सरस्वती चौधरी, उप-प्रमुख, जीतपुरसिमरा उप-महानगरपालिका

३) श्री हिरा ब. गुरुङ्ग, वडाध्यक्ष-१

४) श्री तिलक ब. श्रेष्ठ, वडाध्यक्ष-२

५) श्री जगन्नाथ घिमिरे, वडाध्यक्ष-३

६) श्री भोज ब. खत्री, वडाध्यक्ष-४

७) श्री मोहित चौधरी, वडाध्यक्ष-५

८) श्री कैमुद्दिन अंसारी, वडाध्यक्ष-६

९) श्री रामबाबु प्रसाद कलवार, वडाध्यक्ष-७

१०) श्री रामबाबु राउत कुर्मी, वडाध्यक्ष-८

११) श्री प्रभु नाथ प्रसाद चौधरी, वडाध्यक्ष-९

१२) श्री सरोज कुमार राउत, वडाध्यक्ष-१०

१३) श्री बिनोद प्रसाद यादव, वडाध्यक्ष-११

१४) श्री लालबाबु प्रसाद चौधरी, वडाध्यक्ष-१२

Scanned by CamScanner

१५) श्री राजेन्द्र प्रसाद सिहँथारु, वडाध्यक्ष-१३

१६) श्री रामशरण बर्तौला, वडाध्यक्ष-१४

१७) श्री राम प्रसाद लामिछाने, वडाध्यक्ष- १५

१८) श्री केदारनाथ बजगाँई, वडाध्यक्ष- १६

१९) श्री नवराजबहादुर खड्का, वडाध्यक्ष- १७

२०) श्री अर्जुन प्रसाद दाहाल, वडाध्यक्ष- १८

२१) श्री सुधन दास तत्मा, वडाध्यक्ष- १९

२२) श्री रसुल मिया अंसारी, वडाध्यक्ष- २०

२३) श्री कृष्ण बहादुर ठकुरी, वडाध्यक्ष- २१

२४) श्री मणिकलाल थिङ्ग तामाङ्ग, वडाध्यक्ष- २२

२५) श्री असलम देवान, वडाध्यक्ष- २३

२६) श्री इलीयास देवान, वडाध्यक्ष- २४

२७) श्री सुमित्राकार्की, निर्वाचित सदस्य

२८) श्री राज दुलारी चौधरी, निर्वाचित सदस्य

२९) श्री सुन्दर बहादुर सुनार, निर्वाचित सदस्य

३०)श्री श्याम सुन्दर पासवान, निर्वाचित सदस्य

३१)श्री राजकुमार महरा, निर्वाचित सदस्य

३२) श्री अनिता देवीचौधरी, निर्वाचित सदस्य

३३) श्री सुभद्रा न्यौपाने, निर्वाचित सदस्य

Scanned by CamScanner

३४) श्री कमल चौधरी, निर्वाचित सदस्य

३५) श्री रामकृष्ण उप्रेती, सचिव

<u>अन्य उपस्थिति</u>

३६) श्री बिसमील्लाह अंसारी, लेखाअधिकृत

३७) श्री राम नरेश [redacted].यादव, ईन्जिनियर

३७) श्री गोपाल ब. खपांगी, ना.सु.

३८) श्री वीरेन्द्र वाईवा, ना.सु

Scanned by CamScanner

**प्रस्तावहरु :**

**१. विषयगत समितिहरु गठन सम्वन्धमा ।**

**२. उप म.न.पा.को आन्तरिक आय सम्वन्धमा ।**

**३. विविध ।**

**निर्णयहरु:**

**निर्णय नं (१):** प्रस्ताव नं १ माथि छलफल गर्दा कार्यपालिकाको कार्यपालिकामा निर्णयको लागि पेश भए प्रस्तावमा निर्णय गर्नु पूर्व आवश्यक्ता अनुसार राय, सल्लाह र सुझाव लिनका लागि देहाय वमोजिम समिति गठन गर्ने निर्णय गरियो ।

**(क) सार्वजनिक सेवा तथा क्षमता विकास समिति**

का.पा.स. श्री रामबाबु प्र. कलवार- संयोजक

का.पा.स. श्री नवराज खडका- सदस्य

प्रशासन शाखा प्रमुख- सदस्य सचिव

**(ख) आर्थिक विकास समिति**

का.पा.स. श्री सरोज कुमार राउत- संयोजक

का.पा.स. श्री कृष्ण ब. ठकुरी- सदस्य

आर्थिक प्रशासन शाखा प्रमुख- सदस्य सचिव

**(ग) सामाजिक विकास समिति**

का.पा.स. श्री सुमित्रा कार्की- संयोजक

का.पा.स. श्री अनिता चौधरी- सदस्य

सामाजिक विकास शाखा प्रमुख- सदस्य सचिव

**(घ) पूर्वाधार समिति**

का.पा.स. श्री भोज ब. खत्री- संयोजक

का.पा.स. श्री प्रभुनाथ चौधरी- सदस्य

ई. राम नरेश प्र. यादव- सदस्य सचिव

**(ङ) विधयेक समिति**

का.पा.स. श्री विनोद यादव- संयोजक

का.पा.स. श्री जगन्नाथ घिमिरे- सदस्य

ना.सु.श्री वीरेन्द्र वाईबा- सदस्य सचिव

Scanned by CamScanner

**(च) वातावरण तथा विपद् व्यवस्थापन समिति**

का.पा.स. श्री अर्जुन दाहाल- संयोजक

का.पा.स. श्री भोज ब. खत्री- सदस्य

का.पा.स. श्री सुभद्रा न्यौपाने - सदस्य

का.पा.स. श्री रसुल मिया- सदस्य

ई. संजिव रुपाखेती- सदस्य सचिव

**निर्णय नं (२):** प्रस्ताव नं २ माथि छलफल गर्दा यस उप म.न.पा.को आगामी आ.व.०७४/०७५ का लागि आन्तरिक आयका विभिन्न शिर्षकबाट अनुमानित रु.३,०४,८३,८९२।- (अक्षरुपी तिन करोड चार लाख त्रियासी हजार आठ सय बयानब्बे मात्र) र राजस्व बाँडफाँडबाट अनुमानित रु.१,२५,००,०००।- (अक्षरुपी एक करोड पचिस लाख मात्र) गरी आन्तरिक आय कुल रकम रु.४,२९,८३,८९२।- (अक्षरुपी चार करोड उनन्तीस लाख त्रियासी हजार आठ सय बयानब्बे मात्र) को अनुमानित आय प्रक्षेपणको विवरण कार्यालयबाट प्रस्तुत गरियो ।

**निर्णय नं (३ ) विविध :** प्रस्ताव नं ३ माथि छलफल गर्दा यस उप म.न.पा. अन्तर्गत रहेका हेभी ईक्यूपमेन्ट (भारी सवारी साधन) व्यवस्थित रुपमा संचालन गर्नका लागि निम्न बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

का.पा.स. श्री मोहित चौधरी- संयोजक

का.पा.स. श्री रामबाबु प्र. पटेल- सदस्य

का.पा.स. श्री कैमुदिन अन्सारी- सदस्य

का.पा.स. श्री असलम देवान- सदस्य

ना.सु.श्री गोपाल खपांगी- सदस्य सचिव

**निर्णय नं (३) विविध :** प्रस्ताव नं ३ माथि छलफल गर्दा आगामी वैठक मिति २०७४ कार्तिक १९ गते आईतवार विहान ७ : ०० वजे पून: वस्ने गरी आजको वैठक समापन गर्ने निर्णय गरियो ।

2074/7/16

Scanned by CamScanner

# जीतपुरसिमरा उप-महानगरपालिका नगरकार्यपालिकाको
# चौथो बैठक

आज मिति २०७४।०७।१९ गते आईतवार विहान ७:०० बजे यस जीतपुरसिमरा उप-महानगरपालिका नगरकार्यपालिकाको चौथो बैठक नगर प्रमुख श्री डा. कृष्ण प्र. पौडेलज्युको अध्यक्षतामा वसी तपसिल बमोजिमको उपस्थितिमा प्रस्तावित बिषयहरुमा छलफल गरीयो ।

**उपस्थिति**

श्री डा. कृष्ण प्र. पौडेल, प्रमुख, जीतपुरसिमरा उप-महानगरपालिका

श्री सरस्वती चौधरी, उप-प्रमुख, जीतपुरसिमरा उप-महानगरपालिका

श्री हिरा ब. गुरुङ्ग, वडाध्यक्ष- १

श्री तिलक ब. श्रेष्ठ, वडाध्यक्ष- २

श्री जगन्नाथ घिमिरे, वडाध्यक्ष- ३

श्री भोज ब. खत्री, वडाध्यक्ष- ४

श्री मोहित चौधरी, वडाध्यक्ष- ५

श्री कैमुदिन अंसारी, वडाध्यक्ष- ६

श्री रामबाबु प्रसाद कलवार, वडाध्यक्ष- ७

श्री रामबाबु राउत कुर्मी, वडाध्यक्ष- ८

श्री प्रभुनाथ प्रसाद चौधरी, वडाध्यक्ष- ९

श्री सरोज कुमार राउत, वडाध्यक्ष- १०

श्री बिनोद प्रसाद यादव, वडाध्यक्ष- ११

श्री लालबाबु प्रसाद चौधरी, वडाध्यक्ष- १२

श्री राजेन्द्र प्रसाद सिहँ थारु, वडाध्यक्ष- १३

श्री रामशरण बर्तौला, वडाध्यक्ष- १४

श्री राम प्रसाद लामिछाने, वडाध्यक्ष- १५

Scanned by CamScanner

श्री केदार नाथ बजगाई, वडाध्यक्ष- १६

श्री नवराज बहादुर खड्का, वडाध्यक्ष- १७

श्री अर्जुन प्रसाद दाहाल, वडाध्यक्ष- १८

श्री सुधन दास तत्मा, वडाध्यक्ष- १९

श्री रसुल मिया अंसारी, वडाध्यक्ष- २०

श्री कृष्ण बहादुर ठकुरी, वडाध्यक्ष- २१

श्री मणिकलाल थिङ्ग तामाङ्ग, वडाध्यक्ष- २२

श्री असलम देवान, वडाध्यक्ष- २३

श्री इलीयास देवान, वडाध्यक्ष- २४

श्री सुमित्रा कार्की, निर्वाचित सदस्य

श्री रामदुलारी चौधरी, निर्वाचित सदस्य

श्री सुन्दर वहादुर सुनार, निर्वाचित सदस्य

श्री श्याम सुन्दर पासवान, निर्वाचित सदस्य

श्री राजकुमार महरा, निर्वाचित सदस्य

श्री अनिता देवी चौधरी, निर्वाचित सदस्य

श्री सुभद्रा न्यौपाने, निर्वाचित सदस्य

श्री कमल चौधरी, निर्वाचित सदस्य

श्री रामकृष्ण उप्रेती – सचिव

**अन्य उपस्थिती**

श्री विस्मील्लाह अन्सारी, लेखा अधिकृत

श्री राम नरेश [redacted].यादव, ईन्जिनियर

श्री वीरेन्द्र वाइबा, ना.सु.

Scanned by CamScanner

**प्रस्तावहरु :**

**१. श्रोत अनुमान तथा वजेट सीमा निर्धारण सम्बन्धमा ।**
**२. प्रथम नगरसभा सम्बन्धमा ।**
**३. विविध**

**निर्णयहरु:**

**निर्णय नं (१):** प्रस्ताव नं १ माथि छलफल गर्दा चालु आ.व.को लागि विभिन्न स्रोत शिर्षकहरुमा छलफल गर्नुका साथै यस चालु आ.व.मा गरिने निर्माण कार्यकालागि टोल भेला गराई वडा समितिको निर्णयको आधारमा कार्यान्वयन गरिने योजनाहरु छनौटका लागि वडा सिलिङ्ग रु. ६० लाख छुट्याई आगामी प्रथम नगरसभामा निर्णयकालागि पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं (२):** प्रस्ताव नं २ माथि छलफल गर्दा आगामी प्रथम नगरसभामा संचालनका लागि हाल सम्म भएका तयारी सम्वन्धमा नगरप्रमुखज्यूबाट जानकारी गराईयो ।

Scanned by CamScanner

# जीतपुरसिमरा उपमहानगरपालिका नगरकार्यपालिकाको
# पाँचौ बैठक

आज मिति २०७४।०७।२८ गते मंगलवार दिउसो ३:०० बजे यस जीतपुरसिमरा उपमहानगरपालिका नगरकार्यपालिकाको पाँचौ बैठक नगर प्रमुख श्री डा. कृष्ण प्र. पौडेलज्युको अध्यक्षतामा वसी तपसिल बमोजिमको उपस्थितिमा प्रस्तावित बिषयहरुमा छलफल गरीयो ।

**<u>उपस्थिति</u>**

श्री डा. कृष्ण प्र. पौडेल, प्रमुख, जीतपुरसिमरा उपमहानगरपालिका

श्री सरस्वती चौधरी, उप-प्रमुख, जीतपुरसिमरा उपमहानगरपालिका

श्री हिरा ब. गुरुङ्ग, वडाध्यक्ष- १

श्री तिलक ब. श्रेष्ठ, वडाध्यक्ष- २

श्री जगन्नाथ घिमिरे, वडाध्यक्ष- ३

श्री भोज ब. खत्री, वडाध्यक्ष- ४

श्री मोहित चौधरी, वडाध्यक्ष- ५

श्री कैमुदिन अंसारी, वडाध्यक्ष- ६

श्री रामबाबु प्रसाद कलवार, वडाध्यक्ष- ७

श्री रामबाबु राउत कुर्मी, वडाध्यक्ष- ८

श्री प्रभुनाथ प्रसाद चौधरी, वडाध्यक्ष- ९

श्री सरोज कुमार राउत, वडाध्यक्ष- १०

श्री बिनोद प्रसाद यादव, वडाध्यक्ष- ११

श्री लालबाबु प्रसाद चौधरी, वडाध्यक्ष- १२

श्री राजेन्द्र प्रसाद सिहँ थारु, वडाध्यक्ष- १३

श्री रामशरण बर्तौला, वडाध्यक्ष- १४

श्री राम प्रसाद लामिछाने, वडाध्यक्ष- १५

Scanned by CamScanner

श्री केदार नाथ बजगाई, वडाध्यक्ष- १६

श्री नवराज बहादुर खड्का, वडाध्यक्ष- १७

श्री अर्जुन प्रसाद दाहाल, वडाध्यक्ष- १८

श्री सुधन दास तत्मा, वडाध्यक्ष- १९

श्री रसुल मिया अंसारी, वडाध्यक्ष- २०

श्री कृष्ण बहादुर ठकुरी, वडाध्यक्ष- २१

श्री मणिकलाल थिङ्ग तामाङ्ग, वडाध्यक्ष- २२

श्री असलम देवान, वडाध्यक्ष- २३

श्री इलीयास देवान, वडाध्यक्ष- २४

श्री सुमित्रा कार्की, निर्वाचित सदस्य

श्री राजदुलारी चौधरी, निर्वाचित सदस्य

श्री सुन्दर बहादुर सुनार, निर्वाचित सदस्य

श्री श्याम सुन्दर पासवान, निर्वाचित सदस्य

श्री राजकुमार महरा, निर्वाचित सदस्य

श्री अनिता देवी चौधरी, निर्वाचित सदस्य

श्री सुभद्रा न्यौपाने, निर्वाचित सदस्य

श्री कमल चौधरी, निर्वाचित सदस्य

श्री रामकृष्ण उप्रेती – सचिव

**अन्य उपस्थिती**

श्री विस्मील्लाह अन्सारी, लेखा अधिकृत

श्री राम नरेश यादव, ईन्जिनियर

श्री वीरेन्द्र वाईवा, ना.सु.

श्री हरिकीशोर भट्ट, ना. सु.

श्री गोपाल क. लिम्बू

**प्रस्तावहरु :**

१. **प्रथम नगरसभा तयारी सम्बन्धमा ।**
२. **प्रस्तावित निती कार्यक्रम तथा वजेट सम्बन्धमा ।**
३. **प्रस्तावित विधेयकहरु सम्वन्धमा ।**
४. **विविध ।**

**निर्णयहरु:**

**निर्णय नं (१):** प्रस्ताव नं १ माथि छलफल गर्दा यस उपमनपाको आगामी कार्तिक ३० गते हुने भनिएको प्रथम नगरसभाको लागि स्थान छनौट र तयारी वारेमा नगर प्रमुखज्यूवाट जानकरी गराउनु भयो ।

**निर्णय नं (२):** प्रस्ताव नं २ माथि छलफल गर्दा विभिन्न विषयगत समिति मार्फत प्राप्त भएका सुझाव तथा कार्यक्रमहरु समेतलाई समावेश गरी कार्यालयको तर्फबाट तयार भई आएको तपसिल बमोजिमको निति तथा कार्यक्रम निर्णयार्थ नगर सभा पेश गर्ने निर्णय गरियो ।

**तपसिल :**

# भाग-१

**निर्णय नं : १**

नगर कार्यपालिकाबाट निर्णय भई नगर प्रमुखबाट प्रस्तुत नीति तथा कार्यक्रम नगर सभामा छलफल हुँदा प्राप्त सुझाबहरु समेतलाई समावेश गरी तपसिल बमोजिम नीति तथा कार्यक्रमहरु स्वीकृत गर्ने निर्णय गरीयो ।

जीतपुरसिमरा उपमहानगरपालिकाको प्रथम नगरसभामा
नगरप्रमुख डा. कृष्ण पौडेलद्वारा प्रस्तुत नीति तथा कार्यक्रम

- जीतपुरसिमरा उपमहानगरपालिकाको प्रथम ऐतिहासिक नगरसभामा सहभागी उपमेयरज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, कार्यपालिका र नगरसभाका सम्पूर्ण सदस्यज्यूहरु, कर्मचारी मित्रहरु र सहभागी सबैलाई हार्दिक अभिवादन गर्दछु । यस गरिमामय सार्वभौम नगरसभामा सबैलाई हार्दिक स्वागतसमेत गर्दछु ।
  नेपाली जनताको बलिदानीपूर्ण संघर्ष र अभिमतबाट निर्मित संविधानसभाले जारी गरेको संघीय लोकतान्त्रिक गणतन्त्र र जनउत्तरदायी शासनप्रणालीसहितको संविधान घोषणा भएपछि पहिलोपटक स्थानीय निर्वाचन सम्पन्न भएको छ । संविधान र प्रचलित कानूनले अधिकारसम्पन्न रुपमा प्रस्तुत भएको स्थानीय सरकारको तर्फबाट पहिलो पटक यस सार्वभौम नगरसभामा चालु आ.व.२०७४।०७५ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा गौरवको अनुभुति गरेको छु ।
  यस क्षणमा नेपाली जनताले चाहेजस्तो शासनव्यवस्था ल्याउनका लागि विभिन्न आन्दोलनहरुमा जीवन गुमाउनुहुने सबै ज्ञात अज्ञात शहिदहरुप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु ।

Scanned by CamScanner

मुलुकको उच्च १७ स्थानीय तहको रुपमा सुचीकृत भएको यो उपमहानगरको तीव्र विकास र समृद्धिको कार्यदिशा अघि बढाउन र यहांका समस्त नागरिकको सुखी जीवन निर्माणको लागि हामीलाई यो महत्वपूर्ण जिम्मेवारी र कार्यभार प्रस्तुत गर्नुहुने सबै उपमहानगरवासी बुवाआमा, दाजुभाई र दिदीबहिनीहरु र समस्त शुभेच्छुक र सरोकार पक्षहरुप्रति हार्दिक आभार व्यक्त गर्दछु । स्थानीय निर्वाचनले जनताको संविधानको कार्यान्वयनलाई फराकिलो बनाएको छ । प्रदेशसभा र प्रतिनिधिसभाको निर्वाचनसंगै राजनीतिक परिवर्तनको कोर्ष पुरा हुदैछ । जनताको भावना अनुरुप जनताकै पक्षमा शासन अघि बढाउने, लोकतन्त्र र मानवअधिकारसंगै नेपालको समृद्धिको अभियान अघि बढदैछ । जनताको प्रत्यक्ष सरोकार र संलग्नता रहेको स्थानीय सरकारको तर्फबाट सुशासनको अनुभुति दिलाउदै सन्तुलित एवम् दीगोपूर्वाधारनिर्माण, सामाजिक विकास र मानवविकासलाई तीव्र र प्रभावकारी बनाउनुपर्ने जनादेशलाई आत्मसात गर्दै अघि बढन प्रतिवद्ध छौं ।

स्थानीय नागरिकको प्रत्यक्ष सरोकार स्थानीय तहसंग रहेको छ । वर्तमान संविधान र व्यवस्थाले धेरै अधिकार स्थानीय तहलाई दिएको पनि छ । तदनुरुप कानून तथा कार्यविधिहरु निर्माण हुदैछन । तर पनि स्थानीय तहले राम्ररी काम गर्न नपाईरहेको अवस्था छ । प्रतिनिधिसभा र प्रदेशसभा अनि तदनुरुपका सरकार बन्न बांकी रहेको यो संक्रमणकालीन परिवेशमा हामीलाई स्थानीय तह सञ्चालन गर्न निकै कठिनाई भइरहेको छ ।

हामी निर्वाचित भएर कार्यपालिकासमेत बनिसकेपछि नियमित कामहरुसंगै उपमहानगरको नीति, कार्यक्रम र बजेट, विभिन्न कानूनहरु पारीत गर्ने सार्वभौम नगरसभामा जानुपर्ने आवश्यकतालाई अनुभुति गर्दै कार्यपालिकाले काम सुरु गरेको करीव एक महिनाभित्र यहांहरुमाझ आएका छौं । २०७४ अशोज २ गते सम्पन्न निर्वाचनको अन्तिम परिणाम अशोज ७ गते प्राप्त भएपछि हामीले असोज १० गते पदभार ग्रहण गरेका हौं । त्यसपछि बडादशै परेको र असोज २३ गते कार्यपालिकाले पूर्णता दिएपछि असोज २४ गते पहिलो वैठक बसी हामीले कार्य प्रारम्भ गरेका हौं । हामीले आफनो कार्य प्रारम्भ गरिरहदा स्थानीय तहको व्यवस्थापिका संसदको रुपमा रहेको नगरसभामा जान जरुरी रहेको ठान्दै प्रथम वैठकले नै आजको मिति तय गरेको हो । बहुआयामिक संक्रमण र अनेकन् प्रतिकुलताका बाबजुद करीव १५ दिनको सघन र द्रुतमार्गमा तयारीका साथ आज यो गरीमामय नगरसभामा आइपुगेका छौं । स्थानीय तहका सबै अंगप्रत्यंगहरु पूर्ण प्रयोगमा आउन करीव एक वर्ष लाग्ने अनुमान छ । हाम्रा विधि, कार्यशैली र कार्यान्वयनप्रक्रिया प्रभावकारी रुपमा अघि बढन पनि सोही अनुसार समय लाग्ने निश्चित छ । यो संक्रमण र सिकाईको चरणमा रहिरहेको परिवेशमा छोटो समय र द्रुततयारीमाआयोजित प्रथम नगरसभामा चालु आ.व. २०७४।०७५ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

- विभिन्न ऐतिहासिक स्थलहरु, तीव्र विकासको छोटो अनुभव र बहुआयामिक सम्भावनाका आधारमा जीतपुरसिमरा उपमहानगरपालिका बनेको छ । साविक भवानीपुरजीतपुर, पिप्रासिमरा, डुमरवाना, अमलेखगञ्ज, छातापिप्रा, फत्तेपुर र इनर्वासिरा गाविसको पुरै भूभाग र मनहर्वा, हरैया, रामपुरटोकनी र प्रष्टोकाको आंशिक हिस्सा यो उपमहानगरमा समेटिएको छ ।जीतपुर र सिमरामा पूर्वाधारको सामान्य विकास भएको देखिएपनि अधिकांश भूभागको अवस्था कमजोर छ । बाटोघाटो, शिक्षा, स्वास्थ्य, अव्यवस्थित बसोबास, नदिकटान, गरीवी, बेरोजगारीलगायतका अनेकन् समस्याहरु

Scanned by CamScanner

छन । तीव्र विकासका अधिकतम सम्भावनाहरु छन । राष्ट्रिय गौरव र प्राथमिकता प्राप्त आयोजनाहरुको पूर्णता, भौतिक पूर्वाधार निर्माणमा तीव्रता र नागरिकको जीवनस्तरमा परिवर्तन र दीगो तथा सन्तुलित विकासका सबै प्रयासहरुलाई अघि बढाउदा जीतपुरसिमरा उपमहानगरलाई एक समृद्ध र सफल महानगरको रुपमा रुपान्तरित हुन सक्ने सम्भावनाहरु छन । आर्थिक राजधानीको रुपमा रहेको वीरगञ्ज महानगर, तहांबाट पथलैया र अमलेखगञ्जसम्म विस्तारित औद्योगिक करिडोर, अन्तरराष्ट्रिय बिमानस्थल, काठमाण्डौं जोडने द्रुतमार्ग, विशेष आर्थिक क्षेत्र, पेट्रोलियम पाइपलाइन, पर्सा राष्ट्रिय निकुञ्जलगायत स्थानीय, क्षेत्रीय तथा राष्ट्रिय अन्तरराष्ट्रिय सम्भावनाको आधारमा जीतपुरसिमरा मेघासिटीको एक केन्द्रको रुपमा विकास हुन सक्ने सपनाहरु छन । स्पष्ट परिकल्पना, लक्ष्य र रणनीतिसहित योजनावद्धविकासका अभ्यासहरु, जीवनस्तरमा रुपान्तरणका प्रयासहरु र तीनै गौरव र प्राथमिकताका ठुला आयोजनाहरु पुरा गरेर अघि बढदा हामी जीतपुरसिमरालाई बनाउन सक्छौ भन्ने आत्मविश्वास र अठोटका साथ क्रियाशिल भइरहेका छौं ।

- हामी निर्वाचित भएर आउनेबित्तिकै नागरिकलाई स्थानीय सरकारको अनुभुति दिनका लागि उपमहानगरका सबै वार्डमा वडा कार्यालय स्थापना गर्न प्रयत्नशिल रह्यौं । करीव एक हप्ताको अवधिमा २४ वटै वार्डमा अध्यक्षहरुको पदबहाली र वडा कार्यालयहरु उद्घाटन गरेका छौं । यद्यपी वडाहरुको आन्तरिक व्यवस्थापनका कारण ३, ४ र २२ मा संयुक्त कार्यालय छन । वडा कार्यालयहरुको विस्तारले आम नागरिकमा उत्साह थपिएको छ । वडा समितिलाई दिइएका अधिकारको प्रयोगले आम नागरिकमा सुशासन, विकास र न्यायको अनुभुति गराउदैछ । न्युन आन्तरिक आय र कर्मचारी अभावका कारण उपमहानगर र वडा कार्यालयहरु सञ्चालनमा चुनौतिहरु छन । ससाना विकास र सुधारका प्रयासहरुलाई अघि बढाउन रु. ५ लाख, छठघाट र बिजुली बत्तीका लागि रु. ५० हजार तत्काल निकासाको व्यवस्था मिलाएका थियौं । दैनिक प्रशासनिक कामलाई व्यवस्थित बनाउने, सबै वडाहरुलाई कम्तिमा रु. ६० लाखका योजनाहरु पठाउने, वडाअध्यक्ष र वडासमितिमार्फत गांउबस्तीमा योजनाहरु संकलन गर्नेगराउने, विकाससंग सम्वन्धित आयोजना र कामको अध्ययन गर्दै तीब्र बनाउने, विभिन्न सरोकारवालाहरुसंग निरन्तर छलफल, आन्तरिक आयस्रोत प्रवर्द्धन, नगरसभा तयारी, बजेट तथा कार्यक्रम तर्जुमा, विभिन्न केन्द्रीय निकायहरुसंग छलफलका आधारमा स्रोत र सम्भावनाहरुको खोजी गर्ने र विभिन्न कार्यक्रमहरुमार्फत नागरिक समुदाय र भूगोलमा पुग्ने प्रयास सघन रुपमा अघि बढेका छन ।

- यसैवीच हामीले जीतपुरसिमरा उपमहानगरलाई एक व्यवस्थित गुरुयोजनामार्फत समृद्धितर्फ अघि बढाउन गृहकार्य गरेका छौं । व्यवस्थित शहरी योजनाका लागि शहरी विकास तथा भवन निर्माण विभागमा अनुरोध गरेका छौं । विभागले एकीकृत शहरी विकास योजना र शहरी विकास कोरिडोरको अध्ययन प्रक्रिया अघि बढाइसकेको छ । संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयलगायतसंग सम्पर्क र सम्वन्ध स्थापित गर्ने र मन्त्रालयका सचिवज्यूको उपस्थितिमा एक दिने अभिमुखीकरण कार्यक्रम पनि सम्पन्न भइसकेको छ । त्यस्तै नगर विकास कोषलगायत निकायहरुसंग पनि हाम्रो छलफल सम्वाद चलिरहेको छ । विकास र सुशासनका लागि विभिन्न सम्वद्ध पक्षहरुसंग घनिभुत छलफल सुरु गरेका छौं । त्यस्तै नगरपालिकाहरुको राष्ट्रिय छाता संगठन नेपाल नगरपालिका संघको राष्ट्रिय अधिवेशन आयोजक समितिमा हाम्रो सहभागिता रहेको छ । यसबाट राष्ट्रिय तथा अन्तरराष्ट्रिय सम्वन्ध विस्तार आरम्भ भएको छ । विकासमा साझेदारीका लागि छिमेकी वीरगञ्ज र हेटौडालगायत स्थानीय तहहरुसंग हाम्रो छलफल अघि

Scanned by CamScanner

बढिरहेको छ । त्यस्तै मुलुकका नमूना स्थानीय तहहरुसंग सम्वन्ध विस्तार गर्ने र अनुभवहरु आदानप्रदान सुरु भइसकेको छ ।

- हाम्रो परिकल्पना: 'समृद्ध महानगर, सुव्यवस्थित शहरहरु र सुखी नागरिक समुदाय'
  वृहत लक्ष्य: 'दीगो र वातावरणमैत्री शहरहरु'
  रणनीतिहरु: भौतिक पूर्वाधार विकास रणनीति, मानव विकास रणनीति र सन्तुलित एवम् हरित नगर विकास रणनीतिलगायत विभिन्न रणनीतिहरु तय गर्नेछौं ।
  हामी आफनै लोगो, सबै कानूनहरु, निर्देशिका, विधि र प्रणालीसहित अघि बढनेछौं ।

- कार्यालय र सेवा प्रवाह: उपमहानगरको निर्माणाधीन कार्यालय भवनलाई पूर्णता दिइनेछ । सेवा सुविधाको विविधता र प्रभाव हेरेर विभागीय रुपमा काम अघि बढाइनेछ । व्यापक कामको कारण अहिलेको उपमहानगरको भवन र परिसर सानो हुने अवस्थालाई मध्यनजर गर्दै जीतपुर, वडा नं.७ मा जग्गा व्यवस्था गरी उपमहानगरको अत्याधुनिक भवन बनाइनेछ । यसका लागि केन्द्रले उपलब्ध गराउने भनिएको १५ करोड रुपैया ल्याउन प्रयास गरिनेछ । उपयुक्त र फराकिलो जग्गा व्यवस्थापन गरी वडा कार्यालयका भवनहरुको निर्माण प्रक्रियालाई क्रमशः अघि बढाइनेछ । उपमहानगर र वडा कार्यालयहरुको सञ्चालन र व्यवस्थापनलाई अत्याधुनिक प्रविधिमैत्री र अपाङ्गमैत्री बनाई सेवा सुविधालाई प्रभावकारी र छिटोछरितो बनाइनेछ । उपमहागरको व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको अभ्यासलाई नमूनाको रुपमा अघि बढाइनेछ । आगामी छ महिनाभित्र उपमहानगर प्रोफाइल, परिकल्पना, वृहत लक्ष्य र दीर्घकालीन लक्षहरु तय गरिनेछ । आवश्यक कानून, नीतिनियम तथा कार्यविधिहरु व्यवस्था गरिनेछ । उपमहानगर तथा वडा कार्यालयहरुलाई सुशासनयुक्त, भ्रष्टाचाररहित र नागरिक जवाफदेहितायुक्त बनाइनेछ । कर्मचारीहरुलई काममा प्रोत्साहन गरिनेछ र आवश्यक दरबन्दी, सेवासुविधा, मूल्यांकन तथा पुरस्कारको उचित संयोजन गरिनेछ ।

- राष्ट्रिय गौरव र प्राथमिकताका आयोजनाहरु: नेपालका महत्वपूर्ण राष्ट्रिय योजनाहरु दोस्रो अन्तरराष्ट्रिय बिमानस्थल र काठमाण्डौं मधेश द्रुतमार्गलाई पुरा गर्नका लागि स्थानीय तह र जनस्तरबाट दवाव र सहयोगको संयोजन गरिनेछ । यी आयोजनाहरु जसले जीतपुरसिमरा उपमहानगरलाई समृद्ध महानगरमा रुपान्तरित गर्ने प्रमुख आधारहरु हुन । अन्तरराष्ट्रिय बिमानस्थल दक्षिणएशियाकै महत्वपूर्ण हवाई ट्रान्जिट भएकोले यो हाम्रो विकास र जीवनस्तर परिवर्तनको आधार बन्नेछ । बिमानस्थलको केन्द्रभागमा पर्ने टांगियाबस्तीका बासिन्दाहरुको उपयुक्त वैकल्पिक व्यवस्थापनका लागि प्रयास गरिनेछ । द्रुतमार्गले काठमाण्डौं र पहाडलाई तराईसंग छोटो दुरीमा जोडने भएकोले बाह्य तथा आन्तरिक व्यापार र आवागमन फराकिलो हुनेछ । निर्माणाधीन विशेष आर्थिक क्षेत्र, पूर्वपश्चिम रेलवे, पेट्रोलियम पाइपलाइनलगायतका आयोजनाहरुलाई पुरा गर्ने र अन्य आयोजनाहरुको स्थानीयकरण गर्ने सन्दर्भमा ध्यान दिनेछौं ।

Scanned by CamScanner

- यातायात र सडक सञ्जाल: विकासका लागि बाटो नै प्राथमिक विषय रहनेछ । यो वर्ष हामीले स्थानीय तहका सडकहरु फराकिलो र पक्की बनाउने कार्यमा केन्द्रीत गरेका छौं । यस वर्ष विकास रकमको ठुलो हिस्सा सडक सञ्जाललाई व्यवस्थित गर्न ध्यान दिइनेछ । नेपालकै लाइफलाइनको रुपमा रहेको त्रिभुवन राजपथलाई छ लेनको बनाउने कार्यमा स्थानीय तहबाट सहजीकरण गरिनेछ । पूर्वपश्चिम महेन्द्र राजमार्गको स्तरोन्नति गर्न पहल गरिनेछ । जीतपुरसिमरा उपमहानगरको विकासको एक महत्वपूर्ण आधारको रुपमा रहेको सिमरा कोल्हवी सडकको कालोपत्रे र पुलहरु निर्माण पुरा गर्न पहल गरिनेछ । त्यस्तै हुलाकी राजमार्गको लिंक सडकको रुपमा मानमत मटिअर्वा सडक निर्माण कार्यलाई तीव्रता दिन प्रयास गरिनेछ । छातापिप्रा नितनपुर इनर्वासिरा सडकलाई व्यवस्थित गरी फत्तेपुर, बडहर्वा, पिलुवा पथलैया, सिमरा, जीतपुर छातापिप्रामा बाहिरी चक्रपथ र शहरी क्षेत्रमा भित्री चक्रपथलाई निर्माणप्रक्रिया अगाडी बढाइनेछ । जिल्ला र क्षेत्रीय सडकहरु निर्माणलाई तीब्रता दिइनेछ । सबै वडा र टोल जोडने सडकहरुलाई आवश्यकता र प्राथमिकतासमेतलाई मध्यनजर गरी सबै वडाहरुमा फराकिलो र पक्की बनाउन ध्यान दिइनेछ । सिमरा बिमानस्थलको स्तरोन्नती र रात्रीसेवालाई अझ बढी प्रभावकारी रुपमा अघि बढाउन पहल गरिनेछ ।

- जग्गा व्यवस्थापन: जग्गा व्यवस्थापन हाम्रो उपमहानगरको प्रमुख समस्या हो । सार्वजनिक ऐलानी तथा पर्ती जमिन अतिक्रमणमा परिरहेका छन ।४ दशकअघिको सट्टाभर्ना जग्गाको समस्या अधिकांश हल भएपनि आंशिक रुपमा अझै बांकी छन । राज्यले विभिन्न समयमा सुकुम्बासी समस्या समाधान आयोगमार्फत बितरण गरेका जग्गाधनीपुर्जा चलनचल्तीमा आउन सकेका छैनन, कतिपय विवादित पनि छन । ती सबै जग्गाहरुको वास्तविकता अध्ययन गरी चलनचल्तीमा ल्याउन सम्वन्धित पक्षसंग पहल गरिनेछ । ऐलानी र पर्ती जमिनको व्यवस्थापन गर्ने, सार्वजनिक जग्गाको संरक्षण गर्ने,सार्वजनिक हितका लागि संरचना निर्माण गर्ने र अन्य माध्यमबाट जमिनको अधिकतम सदुपयोगका लागि ध्यान दिइनेछ । उपमहानगरभित्रका वास्तविक सुकुम्बासीहरुको व्यवस्थापनमा ध्यान दिइनेछ । मालपोत र नापी कार्यालयका सेवाहरुस्थानीय रुपमै उपमहानगरपालिकामा ल्याउन पहल गरिनेछ ।

- शिक्षा: सबै बालबालिकालाई विद्यालय शिक्षामा पहुंच स्थापित गरिनेछ । सार्वजनिक विद्यालयहरुको गुणस्तरीयता अभिवृद्धि गरिने, आवश्यक भौतिक पूर्वाधारसहितको उपयुक्त विद्यालय परिसर, पर्याप्त शिक्षक दरबन्दी, शिक्षकहरुको क्षमता अभिवृद्धि, पर्याप्त सुविधा र वृत्तिविकासका अवसरहरु सिर्जना गरिनेछ । विद्यालय तहको शिक्षालाई पूर्ण निःशुल्क बनाइनेछ । दलीत, अपाङ्ग, सीमान्तीकृत समुदाय तथा आर्थिक रुपमा कमजोर समुदायका विद्यार्थीहरुलाई उच्च शिक्षा छात्रवृतिको व्यवस्था गरिनेछ । हामीले उच्चशिक्षामा दलित, उत्पिडित तथा सीमान्तीकृत समुदायका छोरीबुहारीहरुलाई आकर्षित गर्नका लागि नमूनाका रुपमा साइकल वितरण गर्ने नीति लिइएको छ । क्याम्पस तथा प्राविधिक शिक्षालय पढन आउने सीमान्तीकृत समुदाय र विशेषत: छोरीबुहारी विशेष सहुलियत कार्यक्रम सञ्चालनमा ल्याइनेछ । डुमरवाना बहुमुखी क्याम्पस, सिमरा कलेज र बकुलिया क्याम्पसको सञ्चालनको लागि भौतिक पूर्वाधार निर्माणमा पूंजीगत अनुदानको व्यवस्था मिलाइएको

Scanned by CamScanner

छ । सिमरामा चलिरहेको विज्ञान संकायको उच्चमावि, जनता मावि र बकुलिया माविमा सञ्चालित प्राविधिक विद्यालयमा पूंजीगत अनुदानको व्यवस्था मिलाइएको छ । उच्च तथा प्राविधिक शिक्षाका लागि प्रोत्साहन गरिनेछ । वडा वा क्लष्टर तहमा विभिन्न विषयमा प्राविधिक तथा रोजगारमूलक शिक्षालय सञ्चालनको प्रवन्ध गरिनेछ । स्नातक र स्नातकोत्तर तहका क्याम्पसहरुलाई भौतिक पूर्वाधार सम्पन्न बनाउने र आत्मनिर्भरताको लागि ध्यान दिइनेछ । अनौपचारिक शिक्षा र स्वरोजगारमूलक तथा आयमूलक शिक्षालाई व्यवस्थित रुपमा अघि बढाइनेछ । विद्यालयलाई शान्तिक्षेत्र बनाउने, मातृभाषाको प्रवर्द्धन गर्ने, शिक्षण अभ्यासमा अनलाईन र इन्टरनेट, कम्प्युटर तथा अत्याधुनिक प्रविधि, उपकरण र विधिहरुलाई प्रयोगमा ल्याइनेछ । उपमहानगरस्तर र विभिन्न स्थानहरुमा स्थानीय बहुसांस्कृतिक केन्द्र, वाचनालय तथा पुस्तकालयहरु स्थापनामा प्रोत्साहन गरिनेछ । निजी क्षेत्रबाट सञ्चालित विद्यालयहरुको गुणस्तरीय र प्रतिस्पर्धी शिक्षा, व्यवसायिक लगानी र रोजगारी योगदानको कदर गरिनेछ ।शुल्क परिमार्जन, पर्याप्त छात्रवृत्ति र उनीहरुको समस्या समाधानका साथै व्यवसायिकता एवम् गुणस्तरीयताको प्रवर्द्धन र प्रोत्साहनमा ध्यान दिइनेछ ।

- स्वास्थ्यः वडा र क्लष्टर तहमा जनसंख्याको अनुपातमा प्राथमिक स्वास्थ्य सेवाकेन्द्र व्यवस्थापनगरिनेछ । सिमरा, जीतपुर र डुमरवानामा रहेको त्यस्ता स्वास्थ्य सेवाकेन्द्रहरुमा २४ घण्टे आपतकालीन सेवामार्फत सुत्केरी सेवा,. नियमित तथा विशेष खोप, सरकारी निःशुल्क औषधि व्यवस्था गरिनेछ । स्वास्थ्य स्वयम्सेविकाहरुको भूमिकाको सम्मान गर्दैथप प्रोत्साहनभत्ता व्यवस्था गरिनेछ । हाम्रो स्वास्थ्यकेन्द्रमा सुत्केरी गराउने महिलालाई थप रु. ५००।०० र अन्यत्र लानुपर्दा गाडीभाडाबापत रु. ५००।०० उपलब्धगराइने व्यवस्था मिलाइएको छ ।जीतपुरमा दुई सय शैय्याको अस्पताल निर्माण प्रक्रिया अघि बढाइनेछ । राज्यद्वारा प्रस्तावित ५०० शैय्याको श्रम अस्पताललाई आवश्यक जग्गा यसै उपमहानगरभित्र मिलाउन प्रयास गरिने र निर्माण प्रक्रियालाई अघि बढाउन आवश्यक सहजीकरण गरिनेछ । सिमरामा रहेको प्राथमिक स्वास्थ्यकेन्द्रलाई व्यवस्थित गरिनेछ । डुमरवाना, फत्तेपुर, इनर्वासिरामा न्युनतम आवश्यक शैय्यासहितको प्राथमिक स्वास्थ्यकेन्द्रमा स्तरोन्नतिको लागि पहल गरिनेछ । क्यान्सर, मुटु, मृगौला, मष्तिष्कघातजस्ता रोगहरुको उपचार र औषधीका लागि विशेष व्यवस्था मिलाइनेछ । आयुर्वेदिक, होमियोप्याथिक, अक्युपंचर, प्राकृतिक तथा अन्य वैकल्पिक उपचार पद्धतिको प्रवर्द्धन गरिनेछ । वडातहमा योग साधनाकेन्द्र, व्यायामशाला, मनोचिकित्सा, आहारबिहार परामर्श र अन्य सेवा विस्तारको व्यवस्था मिलाइनेछ । स्थानीय आवश्यकता र मांगका आधारमा एम्बुलेन्स सेवा सञ्चालनको सहकार्य गरिनेछ । सबै नागरिकलाई स्वास्थ्यबिमा र वर्षको एक पटक घरैमा पुगेर आधारभूत स्वास्थ्यपरीक्षण सेवा उपलब्ध गराउने प्रयास अघि बढाइनेछ ।

- आवास तथा शहरीकरणः जीतपुरसिमरा क्षेत्रको आवास र शहरीकरणलाई व्यवस्थित बनाउन हरसम्भव प्रयास गरिनेछ । सबै घरमा स्वच्छ खानेपानी वितरणको व्यवस्था मिलाउनका लागि सञ्चालनमा रहेका खानेपानी आयोजनाहरुलाई पूंजीगत सहयोग गर्ने र नयां आयोजनाहरु निर्माणका लागि पहल थालिनेछ । फोहोरमैला व्यवस्थापनका लागि संकलनलाई नियमित र

Scanned by CamScanner

प्रशोधनमार्फत निसर्गको बहुप्रयोगमा ध्यानदिइनेछ । समुदायलाई लक्षित गरी फोहोरमैला व्यवस्थापन सम्वन्धमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुका साथै कम्पोष्टबिनको प्रयोगमा सहयोग प्रदान गरिनेछ । फोहोरमैलाको उचित व्यवस्थापनका लागि ल्याण्डफिल्डसाइड निर्माण गरिनेछ । फोहोरमैला व्यवस्थापनका लागि निजी क्षेत्रसंग सहकार्य गरेर उद्योग व्यवसाय विकास गर्ने, रोजगारीका अवसरहरु सिर्जना गर्ने र फोहोरमैला व्यवस्थापनलाई आत्मनिर्भर बनाइनेछ । भवन निर्माण आचारसंहिता लागु गरी आवास युनिफिकेशन गरिनेछ । रंग, मोडल र संरचनामा एकरुपता र नम्वरकोड राख्ने व्यवस्था मिलाउन अध्ययन गरिनेछ । भवन निर्माणमा स्थानीय मौलिक संस्कृति र वास्तुकलाको संयोजन गरिनेछ । अव्यवस्थित र छरिएर रहेका घरहरुलाई एकीकृत बस्ती निर्माण गरी सबै प्रकारका सेवासुविधाहरुको यथोचित संयोजन गरिनेछ । बस्ती, उद्योगधन्दा र बजार क्षेत्र छुट्टाछुट्टै संयोजन गरिनेछ । उद्योग तथा कलकारखानाबाट भइरहेको प्रदुषण नियन्त्रणका लागि ध्यान दिइनेछ । अनुचित प्लटिङ्गलाई रोक्ने र अध्ययन तथा सम्भाव्यताका आधारमा स्वीकृति दिइनेछ ।

- चुरे तथा नदी नियन्त्रणः यस उपमहानगरको शिरमा रहेको चुरे पहाड श्रृंखला हाम्रो गौरव हो । चुरे पहाड र तल बग्ने नदीहरुको अत्यधिक र अव्यवस्थित दोहनले विभिन्न समस्याहरु देखा परिरहेका छन । राष्ट्रपति चुरे संरक्षण कार्यक्रम र अन्य कार्यक्रममार्फत यसको संरक्षण र सम्वर्द्धनमा ध्यान दिइनेछ । चुरेदेखि बग्ने मुख्य नदीहरु दुधौरा, बालगंगा र पसाहाको कारण हजारौं बिघा जमिन कटौती र कैयन बस्तीहरु जोखिममा छन । त्यस्तै भांग्रा नदी र कठवा नदीको कारण कटान र डुबान समस्या बढिरहेको छ । नदीतट व्यवस्थापनलाई प्रभावकारी बनाउने र व्यवसायिक वनमार्फत नदीतटको जमिनको संरक्षण र उपभोगमा ध्यान दिइनेछ ।

- सहकारी, रोजगारी तथा गरीवी निवारणः सहकारीमार्फत समुदायको वित्तिय तथा गैरवित्तिय समाधान दिने, कृषिको प्रचुर व्यवसायीकरण, बजार व्यवस्थापन, वित्तिय सशक्तीकरण, वित्तिय समावेशीकरण, ससाना घरेलु उद्यम व्यवसायको प्रवर्द्धन र स्वरोजगारी सिर्जना गर्ने, स्थानीय तह र सहकारीको सहकार्यमा उद्योग र सेवामुलक व्यवसायमार्फत रोजगारीका अवसरहरु गर्ने, कृषि सहकारीमार्फत किसानका सबै आवश्यकताको सहजीकरण गर्नुका साथै जीवनस्तरमा परिवर्तन ल्याउन आवश्यक संयोजन गरिनेछ । सहकारीमार्फत समुदायको पूंजी, संगठन र क्रियाशिलता व्यवस्थित गर्नुका साथै आत्मनिर्भर अर्थतन्त्र निर्माणमा ध्यान दिइनेछ । बचत तथा ऋण सहकारीहरुको सञ्चालन र व्यवस्थापनलाई प्रभावकारी बनाएर जोखिम न्युनीकरणमा ध्यान दिइनेछ । कृषि तथा उत्पादनकेन्द्रीत सहकारीहरुमार्फत कृषिको व्यवसायीकरण गरिनेछ । सहकारीमार्फत शिक्षा, स्वास्थ्य, उद्योग व्यवसाय सञ्चालनमा प्राथमिकता दिइनेछ । प्रत्येक वडामा नमूना र सफल सहकारी अभ्यास गरिनेछ ।

- युवा तथा खेलकुदः राजनीतिक, आर्थिक र सामाजिक रुपान्तरणका सम्वाहकको रुपमा रहेका युवा समुदायको भूमिकालाई प्रभावकारी बनाइनेछ । युवाहरुको क्षमता, उर्जा, सिर्जनशिलता र सम्भावनाहरुलाई जिविका, व्यक्तित्व र प्रतिभा विकास, व्यवसायिकता र समाज परिवर्तनमा

Scanned by CamScanner

सदुपयोग गरिनेछ । सामाजिक विकृति, हिंसा र दुर्व्यसनमा रहेका युवाहरुको पुनर्स्थापनामा ध्यान दिइनेछ । उपमहानगरभित्र रहेका युवाहरुलाई रोजगारी र अन्य अवसरहरु सिर्जनामा ध्यान दिइनेछ । सिमरामा रहेको रंगशालाको भौतिक संरचना र अन्य पक्षलाई पूर्णता दिइनेछ । प्रत्येक वडा वा क्लष्टरमा खेलमैदान, क्लवहरु, व्यायामशाला निर्माण गरी युवाहरुको नियमित सारीरिक तथा वौद्धिक क्रियाशिलता र प्रतिस्पर्धा गराइनेछ । सिमरामा निर्माणाधीन रंगशाला पुरा गर्न सहयोग र पहल गर्ने, सिमरा र भलुहीमा कवर्ड हल निर्माण गर्न पहलकदमी लिएका छौं ।

- पर्यटन प्रवर्द्धनः यो उपमहानगरको समृद्धिको आधार पर्यटन पनि हो । राष्ट्रिय गौरव र विकासका महत्वपूर्ण आयोजनाहरु पर्यटनका मुख्य आधारहरु हुनेछन । अमलेखगञ्ज, पर्सा राष्ट्रिय निकुञ्ज, हातिसार, हलखोरिया दह, चुरियामाई मन्दिर, गढीमाई मन्दिर, सहजनाथ मन्दिर, जलेश्वर महादेव मन्दिर, थानीमाई मन्दिर, छठिमाई मन्दिरलगायत दर्जनौं मठमन्दिर, मस्जिदहरु, चर्चहरु धार्मिक पर्यटनका आधारहरु हुनेछन । चुरिया अमलेखगञ्ज आधाभार पथलैया पर्यटन जोनको रुपमा विकास गरिनेछ । स्मारक, भ्युटावर, ग्रिनपार्कहरु निर्माणप्रक्रिया अघि बढाइनेछ । यहां रहेका सबै धार्मिक स्थलहरुको सम्वर्द्धन गरिनेछ । मध्यतराई र जिल्लाको विभिन्न गन्तव्य, सरकारी तथा गैरसरकारी एवम् व्यवसायिक क्रियाकलापले यस उपमहानगरका होटलव्यवसायहरु फष्टाइरहेका छन । पर्यटन प्रवर्द्धनका लागि पर्सा राष्ट्रिय निकुञ्ज र होटेल व्यवसायी संघलगायतसंग सहकार्य गरिनेछ । होटलव्यवसायको स्तरोन्नतिका लागि सहजीकरण गरिनेछ ।

- मानव विकासः विकासको परिभाषा पूर्वाधार र सेवाहरु मात्रै होइन, चेतना र सभ्यताको उन्नयन पनि हो । अत्यन्त सचेत र नैतिकतायुक्त समाज विकासवान मानव मानकहरु पनि हुन । उपमहानगरभित्रका सबै बालबालिकाहरुलाई उपयुक्त शैक्षिक वातावरण, युवाहरुलाई सारीरिक सुगठन, योग्यता क्षमता अनुसारको रोजगारी, उद्योग कलकारखानामा सुरक्षित रोजगारी, समाजमा रहेका महिला, दलित, अपांग, सीमान्तीकृत, अल्पसंख्यक र गरीवीको रेखामुनीका समुदायलाई स्थानीय सरकारको अनुभूति हुने गरी अवसरहरुको सिर्जना र त्यसको माध्यमबाट सशक्तीकरण र समावेशीकरणको वातावरण निर्माण गरिनेछ ।

- न्याय सम्पादनः स्थानीय तहलाई दिइएको न्याय सम्पादनको जिम्मेवारीको व्यवस्थापन मिलाइनेछ । उपमेयरज्यूको संयोजकत्वमा बन्ने न्यायिक समितिलाई पूर्णता दिई क्षेत्राधिकारभित्रको न्यायसम्पादन कार्यलाई प्रभावकारी बनाइनेछ ।

- सूचना तथा प्रविधिः आजको युग सूचना प्रविधिको युग हो र अव हामी डिजिटल प्रविधिको चरणमाछौं । वेवसाइट र सामाजिक सञ्जालको प्रवाहले सूचना तथा संचारको विस्तार र महत्व बढाएको छ । हातहातमा मोबाइल, घरघरमा वाइफाई र सञ्चारका अन्य माध्यमहरुको विकासले सूचना, विकास र समृद्धिको प्रवाहीकरण तीब्र बनेको छ । उपमहानगर र नागरिकवीच छोटो र जीवन्त सम्पर्क र सहकार्य स्थापित गरिनेछ । फ्रिवाइफाई जोन, आइटी पार्क र अन्य माध्यमबाट प्रविधिको स्थानीयकरण गर्ने र त्यसमार्फत विकासलाई दीगो र प्रभावकारी बनाउन ध्यान दिन

Scanned by CamScanner

सकिनेछ । उपमहानगरमा प्रत्येक नागरिक परिवारको विवरण अनलाइन राख्ने र उनीहरुलाई विद्युतीय रुपमा जोडने कार्यलाई प्राथमिकता दिइनेछ ।

- बिपत्त व्यवस्थापन: उपमहानगरभित्र प्राकृतिक प्रकोपलगायत सम्भावित विपतहरुको व्यवस्थापनका लागि आवश्यक रणनीति र स्रोतको संयोजन गरिनेछ ।

- जैविक विविधता, प्राकृतिक स्रोतहरुको सम्वर्द्धन र नगर वन: जीवन र जगतको निरन्तरताका लागि जैविक विविधता अनिवार्य छ । त्यसका लागि प्राकृतिक स्रोतहहरुको सम्वर्द्धनमा ध्यान दिइनेछ । राष्ट्रिय वन, सामुदायिक वन र साझेदारी वनको सम्वर्द्धन गरिनेछ । सार्वजनिक जमिनहरुमा नगर वनको विकासगरिनेछ । वृक्षारोपण र संरक्षणका लागि प्रोत्साहन गरिनेछ । निजी तथा कवुलीयत वनहरुमा जडिबुटी र उन्नत जातका विरुवाहरुको व्यवस्थापन गरी आयआर्जनमा प्राथमिकता दिइनेछ ।

- महिला सशक्तीकरण: महिलाहरुलाई राज्य र समाजका हर क्षेत्रमा प्राथमिकतामा राखिएजसरी उपमहानगर र सोअन्तरगतका संरचनाहरुमार्फत उनीहरुको सशक्तीकरणमा ध्यान दिइनेछ । सीप तथा क्षमता अभिवृद्धिका कार्यक्रमहरु सञ्चालन गरिनेछ । एकल महिला सामाजिक सुरक्षा र क्षमता अभिवृद्धिमा ध्यान दिइनेछ । महिलाहरु विशेषत: मधेशी, थारु, दलित, धांगड तथा सीमान्तीकृत समुदायका छोरी बुहारीहरुलाई समाजका हरक्षेत्रमा अग्रभागमा ल्याउनका लागि अवसर र जिम्मेवारीको व्यवस्थापन गरिनेछ । मातृशिशु स्याहारलाई थप प्रवर्द्धन गर्नुका साथै चेलिबेटी बेचबिखन, महिलाहिंसा, दाइजोलगायत सबै प्रकारका बेथितिहरुलाई शुन्यसहनशिलता बनाउनेतर्फ ध्यान दिइनेछ ।

- जेष्ठ नागरिक: समाजमा रहेका जेष्ठ नागरिकहरुको सम्मानमा ध्यान दिइनेछ । सामाजिक सुरक्षा भत्ता घरैमा पुर्‍याउनका लागि संयन्त्र निर्माण गरिनेछ । उनीहरुको स्वास्थ्यपरीक्षण र औषधि व्यवस्थापनका लागि ध्यान दिइनेछ । ८४ वर्ष पुगेका नागरिकहरुलाई चौरासी विशेष सम्मानको व्यवस्था मिलाइनेछ । जेष्ठ नागरिक पार्क र वृद्धाश्रमको लागि सहजीकरण गरिनेछ ।

- उपमहानगरभित्र रहेका विभिन्न विधामा योगदान पुर्‍याएका नागरिकहरुको विभिन्न अवसरमा सम्मानको व्यवस्था मिलाइनेछ ।

- जनजाती विशेष कार्यक्रम: यो उपमहानगर बहुजातीय, बहुधार्मिक, बहुभाषिक र बहुसांस्कृतिक स्थलहो । उपमहानगरभित्रका विभिन्न जाती विशेषहरुका धर्मसंस्कृति र परम्परालाई संरक्षण र सम्वर्द्धनका लागि विशेष कार्यक्रम ल्याइनेछ । भोजपुरी भाषालाई उपमहानगरमा कामकाजको भाषा बनाइएको छ र कार्यालयमा सोका लागि हेल्पडेस्क बनाइनेछ । सबै जनजातिहरुको संस्कृति प्रतिविम्ब हुने गरी जनजाति संग्रहालय बनाइनेछ ।

- दलित र गरीवका लागि आवास कार्यक्रम: उपमहानगरभित्र प्रत्येक वडामा रहेका दलित र गरीवका लागि आवास सुधार सचेतना कार्यक्रम सञ्चालन गरिनेछ । ती समुदायका आवास

Scanned by CamScanner

सुधारका लागि आवश्यक सुधारका कार्यहरु अघि बढाइनेछ । केन्द्र, प्रदेश तथा दातृनिकायहरुसंग समन्वय गरेर आवास निर्माण र नमूनाबस्ती निर्माणका लागि पहल र सहकार्य गरिनेछ ।

- कृषि तथा पशुपालनको तीव्र व्यवसायीकरण: यो उपमहानगर कृषि तथा पशुपालनको हिसावले उर्वर छ । कृषि तथा पशुपालनमा यान्त्रीकीकरण र व्यवसायीकरणमार्फत उत्पादन क्षमता वृद्धि गरिनेछ । सिचाई, मल, वीउबिजन, प्रविधि र बजारको उचित संयोजन गरी व्यवसायिक कृषि तथा पशुपालनमा युवा तथा महिलालाई आकर्षित गरिनेछ । सहकारी तथा कृषक समूहमार्फत सामुहिक खेती तथा पशुपालनलाई प्रोत्साहन गरिनेछ र पूंजीगत तथा अन्य अनुदानको संयोजन गरिनेछ । किसानहरुको जीवनस्तरमा परिवर्तन ल्याउन सकिनेछ र उपमहानगरवासीको समृद्धिको प्रमुख आधार कृषि तथा पशुपालन हो ।

- व्यवसायिक, पेशागत र सामुदायिक संगठनहरुको सशक्तीकरण: उपमहानगरभित्र रहने नगर उद्योग बाणिज्य संघ, पेशागत संगठनहरु, गैरसरकारी तथा सामुदायिक संगठनहरुको सशक्तीकरणमा जोड दिइनेछ । ती संगठनहरुको साझेदारीमा उपमहानगरका विभिन्न कामको सहजीकरण गरिनेछ ।

- उपयुक्त व्यवसायिक वातावरण र सुरक्षित श्रमजीवन: यो उपमहानगर औद्योगिक कोरिडोर र विशेष आर्थिक क्षेत्रको कारण पर्याप्त रोजगारी अवसर सिर्जना हुने स्थल हो । उद्योग व्यवसायमा व्यवस्थापन र कर्मचारी तथा मजदुरवीच सम्वन्ध सकारात्मक हुनुपर्दछ । उद्योगहरुमा सुरक्षित र अनुशासित श्रमको वातावरण निर्माणको सहजीकरण गरिनेछ ।

- सचेत, नैतिकवान र सामाजिक न्यायसहितको समतामूलक समाज: उपमहानगरमा समतामूलक र चेतनशिल समाज निर्माणका लागि नागरिकको भूमिकालाई प्रभावकारी बनाइनेछ । विकास र सामाजिक न्यायमा समुदायको स्वामित्व स्थापित गरिनेछ । समतामूलक एवम् लोकतान्त्रिक मूल्यमान्यतामा आधारित समाजवादोन्मुख समाजनिर्माणका लागि आवश्यक नीतिहरु बनाई लागु गरिनेछ ।

- दमकल, बसपार्क, ल्याण्डफिल्डसाइड र अन्य व्यवस्थापन: उमहानगरका लागि आवश्यक दमकल, बसपार्क, ल्याण्डफिल्डसाइड, टाउनहल, सार्वजनिक शौचालय, एम्बुलेन्स, बाल उद्यानगृहहरुको व्यवस्थापन गरिनेछ । एक समृद्ध महानगरका लागि आवश्यक अन्य सूचकहरु, स्रोतसाधनहरुको उचित संयोजन गरिनेछ ।

- विविध: अपाङ्ग, एकलमहिला र अन्य विशिष्टीकृत समुदायको हितका लागि आवश्यक कामहरुको संयोजन गरिनेछ । हामीले सिमरामा अपाङ्गमैत्री बाटो निर्माण गर्ने र नेपाल अपाङ्ग सेवा संघको सेवा विस्तार र सुदृढीकरणका लागि पूंजीगत अनुदान उपलव्ध गराउने व्यवस्था मिलाएका छौं । अल्पसंख्यक र सीमान्तीकृत समुदायको हितका लागि कामहरुमा ध्यान दिइनेछ ।

- उपमहानगर विकास र सेवाका लागि पर्याप्त आयस्रोत संयोजन: उपमहानगरको तीव्र भौतिक पूर्वाधार विकास र सेवासुविधाको प्रभावकारी व्यवस्थापनका लागि आवश्यक पर्ने पर्याप्त आयस्रोतको संयोजन गरिनेछ । केन्द्र तथा प्रदेशको अनुदान वृद्धि गर्नका लागि पहल गर्ने र आन्तरिक आयस्रोतहरु फराकिलो बनाउनका लागि ध्यानदिइनेछ । आगामी दिनमा सहुलियत दरका

Scanned by CamScanner

आधारमा एकीकृत सम्पत्ति कर लागु गरिनेछ र समग्र कर प्रणाली वैज्ञानिक र प्रगतिशिल बनाइनेछ ।

- उपमहानगरको विकासका लागि केन्द्र, प्रदेश तह, छिमेकी स्थानीय तह र अन्य निकायको सकारात्मक र विशेष भूमिकाको अपेक्षा गर्दछौं । सोका लागि राज्य र समाजका सबै क्षेत्रसंग सहकार्य गरेर अघि बढिनेछ । आन्तरिक आयस्रोत प्रवर्द्धनमा उद्योगी व्यवसायी र सबै नागरिकहरुको यथोचित योगदानको अपिल गर्दछौं । यहांको भौतिक पूर्वाधार, मानवविकास र अन्य विषयगत कामका लागि विदेशी तथा स्वदेशी स्थानीय तहहरुसंग सम्वन्ध स्थापित गरिनेछ । उपमहानगरलाई समग्र विकासको पथमा अघि बढाउन सहयोगका लागि दातृनिकायहरु, अन्तरराष्ट्रिय तथा स्थानीय गैरसरकारी तथा सामाजिक संघसंस्थाहरुलाई हार्दिक आह्वानसमेत गर्दछौं ।

- यीनै नीति तथा कार्यक्रमहरुको आधारमा आ. व. २०७४।०७५ का लागि कुल करीव ८४ करोड पचास लाख रुपैयाको वार्षिक बजेट तथा कार्यक्रम उपमेयरश्री सरस्वती चौधरी र सोको विस्तृत विवरण एवम् आवश्यक ऐन नियम कानूनहरु प्रमुख प्रशासकीय अधिकृत श्री रामकृष्ण उप्रेतीले प्रस्तुत गर्नु हुनेछ । आगामी दिनमा यी नीति तथा कार्यक्रमको अधीनमा रही हाम्रा समग्र कामकारवाहीहरु अघि बढनेछन र बजेटको प्रभावकारी कार्यान्वयन हुनेछ । साथै केन्द्र तथा प्रदेश र अन्य निकायबाट आवश्यक बजेट र स्रोत परिचालनमा ध्यान दिइनेछ ।

निर्णय नम्बर (५): प्रस्ताव नम्बर ५ माथी छलफल गर्दा यस उपमहानगरपालिकाको सार्वजनिक ऐलानी पर्ति जग्गामा बृक्षारोपण गर्न जिल्ला बन कार्यालय सिमरा बारासँग सहकार्य गरी नर्सरी निर्माणका लागी जिल्ला बन कार्यायलय बाराले पेश गरेको लागत इस्टिमेटमध्ये रु ३,८०,०००।०० नगरपालिकाले व्यहोर्ने साथै जिल्ला बन कार्यालयबाट यस उपमहानगरभित्रका बन क्षेत्र एवम वन्यजन्तु संरक्षण तथा व्यवस्थापनको लागि गस्ती परिचालन र कार्यक्रम अनुगमनका लागी माग भए बमोजिम रु १,२०,०००।०० वातावरण तथा विपद व्यवस्थापन शिर्षक अन्तर्गतको सार्वजनिक ऐलानी तथा पर्ति जग्गा संरक्षण एवं वृक्षारोपण शिर्षकबाट खर्च गर्ने निर्णय गरियो ।

निर्णय नम्बर (६): प्रस्ताव नम्बर ६ माथी छलफल गर्दा यस उपमहानगरपालिकाको सामाजिक विकास समितिले मिति २०७४ चैत्र ८ मा गरेको शिक्षा उपक्षेत्र अन्तर्गतका निर्णयहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नम्बर (७): प्रस्ताव नम्बर ७ माथी छलफल गर्दा यस उपमहानगरपालिकाको दोश्रो नगरसभा (विधेयक सभा) मिति २०७४ चैत्र २३ गते संचालन गर्ने निर्णय भएकोमा विविध कारणले मिति २०७४ चैत्र २७ गते मंगलबारका दिन सिमरा स्थित इच्छा होटलमा संचालन गर्ने निर्णय गरियो ।

निर्णय नम्बर (८): प्रस्ताव नम्बर ८ माथी छलफल गर्दा वडा नम्बर २१, २२ र २३ को वडा समितको कार्यालयबाट झोलुङ्गे पुलको निर्माणको लागी माग भई आएकोमा सम्वन्धित निकायमा मागको लागी पत्राचार गर्ने निर्णय गरियो ।

निर्णय नम्बर (९): प्रस्ताव नम्बर ९ माथी छलफल गर्दा वडा नम्बर ११ को श्री नेपाल राष्ट्रिय प्राथमिक विद्यालय आमाडार र जीतपुर स्थित ओम शान्ति भवनमा खानेपानी धारा ( ट्युवेल जडान) १/१ थान खानेपानी तथा सरसफाइ उपक्षेत्र अन्तर्गत शुद्ध खानेपानी प्रवर्धन कार्यक्रम शिर्षकवाट इस्टिमेट वमोजिमको खानेपानी धारा (ट्युवेल ) जडान गर्ने निर्णय गरियो ।

निर्णय नम्बर (१०): प्रस्ताव नम्बर १० माथी छलफल गर्दा वडा नम्बर ३ को वाटो निर्माण उपभोक्ता समितिको लगत इस्टिमेटमा पुल तथा वाटो मर्मत कार्य भनिएकोमा पुलको पखेटा निर्माण नभएकोले वडा समितिको सिफारिस तथा निर्णय अनुसार वाटो मर्मत मात्र गरिने भएकोमा सोही वमोजिम लागत इस्टिमेट परिवर्तन गरी योजना संचालन सम्वन्धी प्रकृया अगाडी वढाउने निर्णय गरियो ।

निर्णय नम्बर (११): प्रस्ताव नम्बर ११ माथी छलफल गर्दा खानेपानी तथा सरसफाइ उपशिर्षक अन्तर्गत सार्वजनिक शौचालय निर्माण शिर्षकबाट जीतपुरसिमरा उपमहानगरपालिका वडा नम्बर २१ अमलेखगंजमा लागत इस्टिमेट बमोजिम रु १४,७८,१६५।०० को सार्वजनिक सौचालय निर्माण गर्ने निर्णय गरियो ।

निर्णय नम्बर (१२): प्रस्ताव नम्बर १२ माथी छलफल गर्दा यस उपमहानगरपालिकाको वडा स्तरीय योजना सम्झौता २०७४ फागुन मसान्त सम्म गर्ने निर्णय भएकोमा हाल सम्म पनि योजना सम्झौता गर्ने बाँकी देखिएकोले २०७४ चैत्र मसान्त सम्मको लागी सम्झौता म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नम्बर (१३): प्रस्ताव नम्बर १३ माथी छलफल गर्दा यस कार्यपालिकाको सदस्यहरुको वैंक खाता एन.आइ. सि. एसिया जीतपुर शाखामा खाता खोल्ने निर्णय गरियो ।

Scanned by CamScanner

निर्णय नम्बर (१४): प्रस्ताव नम्बर १४ माथी छलफल गर्दा यस जीतपुरसिमरा उपमहानगरपालिका वडा नम्बर ११ देखी १६ सम्मका वडाहरुमा पुर्ण सरसफाई सम्बन्धी कार्यक्रमहरु नगरपालिकाले संचालन गर्ने साथै आवश्यकता अनुसार गैरसरकारी संस्थाको समेत प्राबिधिक सहयोग लिई कार्यक्रम संचालन गर्ने गरियो ।

निर्णय नम्बर (१५): प्रस्ताव नम्बर १५ माथी छलफल गर्दा वडा कार्यालय भवन संचालन गर्नका लागी घर भाडा लिने सूचना प्रकाशित गरिएकोमा प्राप्त निबेदनको आधारमा तपशील बमोजिमको वडाहरुमा निम्न बमोजिम घरभाडाको मासिक दर कायम गर्ने निर्णय गरियो ।

तपशील

| क्र.स. | वडा नम्बर | घर भाडा दर ( रु) |
|---|---|---|
| १ | वडा नम्बर १ | ८,०००।०० |
| २ | वडा नम्बर ८ | ६,०००।०० |
| ३ | वडा नम्बर ११ | ७,५००।०० |
| ४ | वडा नम्बर १४ | ६,५००।०० |
| ५ | वडा नम्बर १७ | ६,०००।०० |
| ६ | वडा नम्बर २० | ६,५००।०० |
| ७ | वडा नम्बर २३ | १०,०००।०० |

Scanned by CamScanner

# जीतपुरसिमरा उपमहानगरपालिका नगरकार्यपालिकाको
# तेह्रौं बैठक

आज मिति २०७४।१२।१९ गते शुक्रवार बिहान ११:३० बजे यस जीतपुरसिमरा उपमहानगरपालिका नगरकार्यपालिकाको तेह्रौ बैठक नगर प्रमुख श्री डा. कृष्ण प्र. पौडेलज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा बसी प्रस्तावित बिषयहरुमा छलफल गरीयो ।

उपस्थिति

श्री डा. कृष्ण प्र. पौडेल, प्रमुख, जीतपुरसिमरा उपमहानगरपालिका

श्री सरस्वतीचौधरी, उप-प्रमुख, जीतपुरसिमरा उपमहानगरपालिका

श्री हिरा ब. गुरुङ्ग, वडाध्यक्ष-१

श्री तिलक ब. श्रेष्ठ, वडाध्यक्ष-२

श्री जगन्नाथ घिमिरे, वडाध्यक्ष-३

श्री भोज ब. खत्री, वडाध्यक्ष-४

श्री मोहितचौधरी, वडाध्यक्ष-५

श्री कैमुदिन अंसारी, वडाध्यक्ष-६

श्री रामबाबु प्रसादकलवार, वडाध्यक्ष-७

श्री रामबाबु राउत कुर्मी, वडाध्यक्ष-८

श्री प्रभु नाथ प्रसादचौधरी, वडाध्यक्ष-९

श्री सरोज कुमार राउत, वडाध्यक्ष-१०

श्री बिनोद प्रसादयादव, वडाध्यक्ष-११

श्री लालबाबु प्रसादचौधरी, वडाध्यक्ष-१२

श्री राजेन्द्र प्रसादसिहँथारु, वडाध्यक्ष-१३

श्री रामशरण बर्तौला, वडाध्यक्ष-१४

श्री राम प्रसाद लामिछाने, वडाध्यक्ष- १५

श्री केदार नाथ बजगाई, वडाध्यक्ष- १६

Scanned by CamScanner

श्री नवराजबहादुर खड्का, वडाध्यक्ष- १७

श्री अर्जुन प्रसाददाहाल, वडाध्यक्ष- १८

श्री सुधन दास तत्मा, वडाध्यक्ष- १९

श्री रसुल मिया अंसारी, वडाध्यक्ष- २०

श्री कृष्ण बहादुर ठकुरी, वडाध्यक्ष- २१

श्री मणीकलाल थिङ्ग तामाङ्ग, वडाध्यक्ष- २२

श्री असलम देवान, वडाध्यक्ष- २३

श्री इलीयास देवान, वडाध्यक्ष- २४

श्री सुमित्रा कार्की, निर्वाचित सदस्य

श्री रामदुलारी चौधरी, निर्वाचित सदस्य

श्री सुन्दर बहादुर सुनार, निर्वाचित सदस्य

श्री श्याम सुन्दर पासवान, निर्वाचित सदस्य

श्री राजकुमार महरा, निर्वाचित सदस्य

श्री अनिता देवीचौधरी, निर्वाचित सदस्य

श्री सुभद्रान्यौपाने, निर्वाचित सदस्य

श्री कमलचौधरी, निर्वाचित सदस्य

श्री राम कृष्ण उप्रेती – सचिव

## अन्य उपस्थिती

श्री नागेन्द्र प्र.चौधरी,शाखा अधिकृत

श्री विस्मील्लाह अन्सारी, लेखा अधिकृत

श्री नविन गङतान लामा, शाखा अधिकृत

श्री राम नरेश यादव, ईन्जिनियर

श्री वीरेन्द्र वाईबा,ना.सु.

श्री हरि किशोर साह

श्री नवराज [illegible]

Scanned by CamScanner

छलफलका बिषयहरुः

१. रिपोर्टिङ्ग तथा कार्य प्रगती विवरण सम्बन्धमा ।

२. नियमावली तथा कार्यविधि सम्बन्धमा ।

३. विषयगत समितिहरुको निर्णय सम्बन्धमा ।

४. योजना संसोधन सम्बन्धमा ।

५. विविध ।

निर्णयहरुः

निर्णय नम्बर (१) प्रस्ताब नम्बर १ सम्बन्धमा छलफल गर्दा नगरप्रमुख श्री डा. कृष्ण प्र. पौडेल र प्रमुख प्रशासकिय अधिकृत श्री रामकृष्ण उप्रेतीबाट उपमहानगरका समग्र गतिबिधी, प्रशासनिक काम तथा योजना सञ्चालनको हाल सम्म भएका प्रगति विवरण प्रस्तुत भयो ।

निर्णय नम्बर (२) प्रस्ताब नम्बर २ सम्बन्धमा छलफल गर्दा यस उपमहानगरपालिकाको कामकारवाहीलाई विधि सम्मत र कानुन सगंत ढंगबाट सञ्चालन गर्न *नगर कार्यपालिका (कार्यसम्पादन) नियमावली २०७४, नगर कार्यपालिका (कार्यबिभाजन) नियमावली २०७४, नगर कार्यपालिकाको बैठक सञ्चालन सम्वन्धी कार्यविधि २०७४, स्थानीय राजपत्र प्रकाशन कार्यविधि २०७४ तथा नगरसभा सञ्चालन कार्यविधि २०७४* को मस्यौदा अध्ययन गरी आगामी बैठकमा निर्णयार्थ प्रस्तुत गरिने निर्णय गरियो ।

निर्णय नम्बर ३ (क) प्रस्ताब नम्बर ३ (क) सम्बन्धमा छलफल गर्दा पुर्वाधार विकास समितिबाट वातावरण तथा विपद व्यवस्थापन क्षेत्र अन्तर्गतका जलउत्पन्न उपक्षेत्र शिर्षक बाट नदी नियन्त्रण गर्ने सम्बन्धी निर्णयहरु नगर कार्यपालिकाबाट परिमार्जन सहित तपसिल बमोजिमका क्षेत्रहरुमा निम्न बमोजिम बजेट विभाजन गर्ने निर्णय गरियो ।

| क्र.स. | वडा नम्वर | स्थान | रकम |
|---|---|---|---|
| १ | वडा नं. २१ र २२ | अमलेखगंज | रु १० लाख |
| २ | वडा नं. १, २ र ३ | भाङ्ग्रे खोला | रु १३ लाख |
| ३ | वालगंगा नदि नियन्त्रण तर्फ वडा नम्बर १६ मा भुसंरक्षणसँगको साझेदारीमा र वडा न १५,१३,१२,१८,१९ | बालगंगा नदि | रु २८ लाख |
| ४ | वडा नं. १७ स्थित बथान टोल | पसाहा खोला | रु ४ लाख |
| ५ | वडा नं. ८,१० र २३ | सिर्सिया नदि | रु ५ लाख |
| ६ | वडा नं. १४,८ र ११ | दुधौरा खोला | रु १५ लाख |
| | जम्मा | | रु ७५ लाख |

निर्णय नम्बर ३ (ख) प्रस्ताब नम्बर ३ (ख) सम्बन्धमा छलफल गर्दा पुर्वाधार विकास समितिको निर्णयानुसार नगरपालिका र उपभोक्ता समितिको ५०/५० प्रतिशत लागत सहभागितमा पक्की सडक र पक्की नाला निर्माण गर्ने योजनाहरु सहरी क्षेत्रमा नक्सामा कम भएतापनि कम्तिमा नाला बाहेक १६ फिट चौडाई भएकोलाई प्राथमिकता तय गर्ने तथा नयाँ प्लटिङ भएको जग्गा तथा उद्योग कलकारखानाले प्रयोगमा ल्याउने बाटो भएको क्षेत्रलाई कम प्राथमिकतामा राख्रे निर्णय गरियो ।

निर्णय नम्बर ३ (ग) प्रस्ताब नम्बर ३ (ग) सम्वन्धमा छलफल गर्दा सार्वजनिक सेवा तथा क्षमता विकास समितिबाट भएको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नम्बर ३ (घ) प्रस्ताब नम्बर ३ (घ) सम्वन्धमा छलफल गर्दा भूमि व्यवस्थापन कार्यदलवाट भएको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

Scanned by CamScanner

निर्णय नम्बर ३ (ङ) प्रस्ताव नम्बर ३ (ङ) सम्बन्धमा छलफल गर्दा सामाजिक विकास समितिबाट भएको निर्णयलाई अनुमोदन गर्दै यस उपमहानगरपालिका भित्र बढ्दो लामखुट्टेको प्रकोपलाई न्यूनिकरण गर्न जिल्ला स्वास्थ्य कार्यालय कलैया बारासँग आवश्यक सल्लाह र समन्वय गरी औषधी छिट्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

निर्णय नम्बर ४ प्रस्ताव नम्बर ४ सम्बन्धमा छलफल गर्दा तपशीलको नगरसभाबाट पारित योजनाहरुलाई नगरसभाबाट अनुमोदन हुने गरी योजनाको नाम परिवर्तन गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

| वडा नम्बर | साविकको योजना | हाल कायम योजना | रकम | कैफियत |
|---|---|---|---|---|
| ४ | मोबाइल मर्मत तालिम | कम्प्युटर तालिम | २ लाख | योजना परिवर्तन |
| ६ | घुसुकपुर कब्रस्थानमा कल्भर्ट निर्माण | घुसुकपुर नाला निर्माण | ४ लाख | योजना परिवर्तन |
| | | सिधरीटोल र नगोलमा बाटो मर्मत | १ लाख | योजना परिवर्तन |
| २३ | आजाद टोलमा मेन बाटो देखि रुस्तम देवानको घर सम्म बाटो ढलान<br>आजाद टोलमा मेन बाटो देखि हविव मियाको घर सम्म बाटो ढलान<br>शिउ मेगलको घरदेखि मस्जित हुदै मोख्तर सम्म बाटो ढलान तथा पक्की नाला निर्माण<br>बजार टोल गाउँको मेन बाटो देखि आसमहमद अंसारीको घर सम्म बाटो ढलान तथा पक्की नाला निर्माण<br>नेक महमदको घरदेखि लालबावु देवानको घरसम्म आजाद टोलमा बाटो ढलान तथा पक्की नाला निर्माण | बजार टोल गाँउको मेन बाटो देखि आसमहमद अंसारीको घर सम्म र आसमहमदको घर देखि सालीमार स्टील र नारायणी छालामिल सम्म बाटो ढलान र पक्की नाला निर्माण | २८ लाख ५० हजार | पाँचवटै योजना संयोजन भई नयाँ योजना निर्माण भएको । |
| १ | प्लम्बिङ तालिम | वडा भरी बाटो मर्मत | २ लाख ५० हजार | योजना परिवर्तन |
| १८ | श्यामचन्द्र प्रशाईको घरदेखि पश्चिम मौवाजाने बाटो ढलान | अर्जेलको घरदेखि भित्री बाटो चौतारा हुदै इश्वरी पौडेलको घरसम्म वाहुनटोल बाटो ढलान | १० लाख | योजना परिवर्तन |
| १० | माटो पुरी ग्राभेल<br>बाटो ढलान | परवानीपुर गापाको दक्षिणी सिमाना देखि श्री नेराप्राबि वलुवासम्म नाला निर्माण | १३ लाख | दुवै योजना जोडिएको |
| ९ | बाल उद्यान निर्माण | छातापिपरा गाउँको पक्की नाला निर्माण | १० लाख | |
| | गाउँको दक्षिण पोखरीको छेउमा सामुदायिक भवन मर्मत | नयाँ सामुदायिक भवन निर्माण( गाउँको दक्षिण पोखरीको छेउमा रहेको अधुरो सा.भ.को पछाडी) | १० लाख | ब्रह्माई मन्दिर जाने पक्की बाटोको रकम ५ लाख ट्रान्सफर गरी १० लाख कायम गरिएको । |
| | बाटो पक्की ढलान | बाटोमा माटो हाली मर्मत कार्य , विद्यालय देखि दक्षिण जाने | ५ लाख | |

Scanned by CamScanner

| | | | | |
|---|---|---|---|---|
| | | प्लटिङको बाटो देखि दक्षिण र ब्रह्माई मन्दिर जाने बाटो | | |
| ५ | विसौलिया देखि भवानीपुरको सडकमा | सामुदायिक भवन निर्माण | १० लाख | योजना परिवर्तन |
| २ | लोक सेवा तयारी कक्षा सञ्चालन | बाटो ग्राभेल कार्य | २ लाख ५० हजार | योजना परिवर्तन |
| १४ | भैसी जेठाको घर नजिक कल्भर्ट निर्माण<br>वेहरी गाउँमा कल्भर्ट निर्माण | पैनी जेठाको घर नजिक कल्भर्ट निर्माण | ८ लाख | योजना संयोजन भएको |
| २० | समसानघाट निर्माण तथा इस्लामिया मदर्शा निर्माण | इस्मामीया मदर्शा निर्माण | ५ लाख | योजना परिवर्तन |
| २० | कृषकलाई तालिमको व्यवस्था | विजुलीको तार पोल खरिद तथा जडान | ३ लाख ५० हजार | योजना परिवर्तन |
| ११ | खेश्रोल हनुमान मन्दिर देखि सिसनिया सम्मको बाटो ढलान | वडा भरीको बाटो मर्मत<br>खेश्रोल हनुमान मन्दिर देखि सिसनिया सम्मको बाटो ढलान | १ लाख<br>१४ लाख | खेश्रोल हनुमान मन्दिर देखि सिसनिया सम्मको बाटो ढलानको (१५ लाख) बाट वडा भरीको बाटो मर्मत गर्न योजना बिभाजन गरिएको । |
| २४ | जामे मस्जिद रहेकोवाटोमा पक्की नाला निर्माण<br>दक्षिणटोल प्रमुख वाटोमा यासीन देवानको घर हुदै मस्जित जाने बाटो पक्की सडक ढलान | जामे मस्जिद रहेकोबाटोमा पक्की नाला निर्माण | २२ लाख | योजना संयोजन भएको |
| ७ | देवनारायण अमातको घरदेखि पश्चिम जाने वाटो ढलान | देवनारायण अमातको घरदेखि पश्चिम जाने पक्की नाला निर्माण | ५ लाख | योजना परिवर्तन |
| १३ | सामुदायिक भवन निर्माण र भठिया पोता टोल छठिमाई घाटमा सिडी वाल निर्माण | अच्छेलाल सहनीको घरदेखि वकिल पटेलको घरसम्म बाटो ढलान | १३ लाख ५० हजार | योजना परिवर्तन |

निर्णय नम्वर ५(क) प्रस्ताव नम्वर ५(क) सम्वन्धमा छलफल गर्दा दोश्रो नगरसभा (विधेयक अधिवेशन) २०७४ चैत्र २७ गते संचालन गर्ने निर्णय भएकोमा विविध कारणले २०७५ साल वैशाख १२ गते बुधवारको दिन विहान ८:०० वजे सिमरा स्थित इच्छा होटलमा सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नम्वर ५(ख) प्रस्ताव नम्वर ५(ख) सम्वन्धमा छलफल गर्दा साविकको जीतपुर भवानीपुर वडा नम्बर ५(ख) को कित्ता नम्वर २६९ मा २०० सैयाको अस्पताल निर्माण सम्वन्धी निर्णय भएकोमा हकदावी सम्बन्धी प्राप्त निवेदन अनुसार स्व. श्री भोला प्रसाद शर्माको हकभोग सम्वन्धी दावी रहेको भनि निवेदन प्राप्त भएता पनि सार्वजनिक हित प्रवर्द्धन गर्न अस्पताल निर्माणका लागि सहमति दिने लिखित मंजुरी प्रदान गर्नु हुने श्री श्यामवावु शर्मा, हरिवावु शर्मा र रत्नादेवी शर्माको योगदानको उच्च कदर गर्दै धन्यवाद प्रदान गर्ने निणय गरियो । साथै सो जमिनमा अस्पताल निर्माण गर्न प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नम्वर ५(ग) प्रस्ताव नम्वर ५(ग) सम्वन्धमा छलफल गर्दा यस उपमहानगरपालिका वडा नम्बर ९ मा स्थापना हुन गैरहेको सर्पदंशा अस्पतालको निर्माण, सञ्चालन तथा व्यवस्थापनका लागि नेपाली सेना, नगरपालिका र नगर स्तरीय उपभोक्ता समिति बीच त्रिपक्षिय सम्झौता गरी कार्यन्वयन गर्न नगरस्तरीय उपभोक्ता समिति गठन गरी कार्यन्वयन गर्ने निर्णय गरियो ।

Scanned by CamScanner

# जीतपुरसिमरा उपमहानगरपालिका नगरकार्यपालिकाको
## चौधौं बैठक

आज मिति २०७५।०१।२३ गते आईतवार ~~बिहान~~ दिउँसो १:०० बजे यस जीतपुरसिमरा उपमहानगरपालिका नगरकार्यपालिकाको चौधौं बैठक नगर प्रमुख श्री डा. कृष्ण प्र. पौडेलज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा बसी प्रस्तावित बिषयहरुमा छलफल गरीयो ।

**उपस्थिति**

श्री डा. कृष्ण प्र. पौडेल, प्रमुख, जीतपुरसिमरा उपमहानगरपालिका

श्री सरस्वतीचौधरी, उप-प्रमुख, जीतपुरसिमरा उपमहानगरपालिका

श्री हिरा ब. गुरुङ्ग, वडाध्यक्ष-१

श्री तिलक ब. श्रेष्ठ, वडाध्यक्ष-२

श्री जगन्नाथ घिमिरे, वडा,द ध्यक्ष-३

श्री भोज ब. खत्री, वडाध्यक्ष-४

श्री मोहितचौधरी, वडाध्यक्ष-५

श्री कैमुदिन अंसारी, वडाध्यक्ष-६

श्री रामबाबु प्रसादकलवार, वडाध्यक्ष-७

श्री रामबाबु राउत कुर्मी, वडाध्यक्ष-८

श्री प्रभु नाथ प्रसादचौधरी, वडाध्यक्ष-९

श्री सरोज कुमार राउत, वडाध्यक्ष-१०

श्री बिनोद प्रसादयादव, वडाध्यक्ष-११

श्री लालबाबु प्रसादचौधरी, वडाध्यक्ष-१२

श्री राजेन्द्र प्रसादसिहँथारु, वडाध्यक्ष-१३

श्री रामशरण बर्तौला, वडाध्यक्ष-१४

श्री राम प्रसाद लामिछाने, वडाध्यक्ष- १५

श्री केदार नाथ बजगाई, वडाध्यक्ष- १६

Scanned by CamScanner

श्री नवराजबहादुर खड्का, वडाध्यक्ष- १७

श्री अर्जुन प्रसाददाहाल, वडाध्यक्ष- १८

श्री सुधन दास तत्मा, वडाध्यक्ष- १९

श्री रसुल मिया अंसारी, वडाध्यक्ष- २०

श्री कृष्ण बहादुर ठकुरी, वडाध्यक्ष- २१

श्री मणीकलाल थिङ्ग तामाङ्ग, वडाध्यक्ष- २२

श्री असलम देवान, वडाध्यक्ष- २३

श्री इलीयास देवान, वडाध्यक्ष- २४

श्री सुमित्रा कार्की, निर्वाचित सदस्य

श्री रामदुलारी चौधरी, निर्वाचित सदस्य

श्री सुन्दर बहादुर सुनार, निर्वाचित सदस्य

श्री श्याम सुन्दर पासवान, निर्वाचित सदस्य

श्री राजकुमार महरा, निर्वाचित सदस्य

श्री अनिता देवीचौधरी, निर्वाचित सदस्य

श्री सुभद्रान्यौपाने, निर्वाचित सदस्य

श्री कमलचौधरी, निर्वाचित सदस्य

श्री राम कृष्ण उप्रेती - सचिव

**अन्य उपस्थिती**

श्री नागेन्द्र प्र.चौधरी,शाखा अधिकृत

श्री विस्मील्लाह अन्सारी, लेखा अधिकृत

श्री नविन गङतान लामा, शाखा अधिकृत

श्री राम नरेश यादव, ईन्जिनियर

श्री वीरेन्द्र वाईबा,ना.सु.

Scanned by CamScanner

छलफलका विषयहरुः

१. रिपोर्टिङ्ग तथा कार्य प्रगती विवरण सम्बन्धमा ।

२. राजश्व परामर्श समितिको निर्णय सम्बन्धमा ।

३. विषयगत समितिहरुको निर्णय सम्बन्धमा ।

४. योजना संसोधन सम्बन्धमा ।

५. योजना सम्बन्धमा ।

६. खेलकुद संचालन सम्बन्धमा ।

७. विविध ।

निर्णयहरुः

निर्णय नम्बर (१): प्रस्ताब नम्बर १ सम्बन्धमा छलफल गर्दा नगरप्रमुख श्री डा. कृष्ण प्र. पौडेल र प्रमुख प्रशासकिय अधिकृत श्री रामकृष्ण उप्रेतीबाट उपमहानगरका समग्र गतिबिधी, प्रशासनिक काम तथा योजना सञ्चालनको हाल सम्म भएका प्रगति विवरण प्रस्तुत भयो ।

निर्णय नम्बर (२): प्रस्ताब नम्बर २ सम्बन्धमा छलफल गर्दा मिति २०७५ बैशाख २३ गते एकिकृत सम्पति कर सम्बन्धमा राजश्व परामर्श समितिको बैठक बसी छलफल गर्दा ठोस निर्णय प्राप्त नभएकोले समितिको अर्को बैठकबाट प्राप्त निर्णयलाई नगरकार्यपालिका बैठकमा प्रस्तुत गर्ने निर्णय गरियो ।

निर्णय नम्बर ३ (क): प्रस्ताब नम्बर ३(क) सम्बन्धमा छलफल गर्दा सार्वजनिक सेवा तथा क्षमता विकास समितिको निर्णय अनुसार " बारुणयन्त्र(दमकल) चालकको अभाव भएकोले यसै कार्यालयमा माली पदमा रहि दमकल चालकको समेत कामकाज गर्दै आइरहेका श्री मातृका पौडेललाई नै दमकल चालकको पदमा मिति २०७५।१।२३ गते देखि लागु हुने गरी सोही पदको सेवा सुबिधा दिने गरी सेवा करारमा नियुक्त गर्ने निर्णय गरियो । तपशील बमोजिमको सवारी साधनहरुमा तपशील बमोजिमको पद रिक्त रहेकोले सेवा करारमा नियुक्त गर्नका लागी ७ दिने सुचना निकाल्ने निर्णय गरियो ।

<u>तपशील</u>

| क्र.स. | सवारी साधनको नाम | रिक्त पद | संख्या |
|---|---|---|---|
| १ | बारुणयन्त्र ( दमकल) | सवारी चालक | १ जना |
| २ | टिपर | सवारी चालक | ४ जना |
| ३ | ग्रेडर | सवारी चालक | १ जना |
| ४ | बारुणयन्त्र ( दमकल) | फायरम्यान | ४ जना |

निर्णय नम्बर ३ (ख): प्रस्ताब नम्बर ३(ख) सम्वन्धमा यस उपमहानगरपालिकाको कार्यालयमा एम्वुलेन्स चालकको रुपमा मिति २०५७।०७।१० गते देखि नियुक्ती भइ हाल सम्म पनि काम गर्दै आइरहेका श्री आलमगिर अंसारीलाई साबिकको गढीमाई नगरपालिकाको मिति २०७३।०३।३० गतेको बोर्ड बैठकबाट स्थानीय स्वायत्त शासन ऐन २०५५ र नियमवाली २०५६ को नियम २२५ बमोजिम साहायक स्तरको तृतिय तहमा स्तर वृद्धि गर्ने निर्णय भएकोमा हाल सम्म पनि निर्णय कार्यन्वयन नभएकोले निजलाई मिति २०७५।०१।२३ गते देखि लागु हुने गरी सहायक तृतिय तहमा स्तर वृद्धि गर्ने निर्णय गरियो ।

निर्णय नम्बर ३ (ग): प्रस्ताव नम्बर ३(ग) सम्बन्धमा पुर्वाधार विकास समितिको तपशिल वमोजिमको निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

- ईनर्वासिरा देखि फत्तेपुर सडक वडा नं १९ देखि १२ योजनामा रु ४० लाख विनियोजित भएकोमा उक्त सडकको न्युनतम क्षेत्राधिकार गाँउ क्षेत्रभित्र ४० फिट र सरेह क्षेत्रमा ५० फिट तथा अधिकतम क्षेत्राधिकार नक्सा बमोजिमको बाटो खुलाई गाउँ वस्ती क्षेत्रमा पक्की नाला निर्माण गर्ने निर्णय गरीयो ।

Scanned by CamScanner

- शिवशक्ति फेक्ट्रिबाट रमौलि हुदै बसतपुर बसडिल्वा ईनवा बजार देखि मठरापुरसम्म वडा नं ८,१९ र २० लागी रु ४० लाख बिनियोजित भएकोमा उक्त सडकको न्युनतम क्षेत्राधिकार गाँउ क्षेत्रभित्र ४५ फिट तथा अधिकतम क्षेत्राधिकार नक़्सामा भएको बाटो खुलाई गाउँबस्ती क्षेत्रमा पक्की नाला निर्माण गर्ने निर्णय गरियो ।
- वडा नम्बर ३ को हाईवे रोड देखि सुर्या नेपाल सिप्रदि पर्खाल विच हुदै बजनी वालुवा टोल जोडने बाटो ढलान तथा नाला निर्माण कार्यमा रु १० लाख बिनियोजिन भएकोमा उक्त योजनालाई परिवर्तन गरी अमृतलाल श्रेष्ठको घर देखि दक्षिण तर्फ जाने बाटो दुबै तर्फ नाला निर्माण गर्न सडकको न्युनतम क्षेत्राधिकार ५० फिट र अधिकतम नक्सा बमोजिमको बाटो खुलाई निर्माण गर्ने निर्णय गरियो ।
- रघुनाथपुरको स्कुलचौक देखि दक्षिण मन्दिर चौक सम्मको बाटो ढलान वडा नं १७ को लागी बिनियोजित बजेट रु १० लाख कार्यान्वयन सम्बन्धमा नक्सा अनुसारको बाटो खुलाई २० फिटको बाटो ढलान गर्ने निर्णय गरीयो ।
- बलुवा बेहरा छातापिपरा राजेश मेटल सम्म वार्ड नं ८,९ र १० योजना को लागी रु ४० लाख बिनियोजित भएकोमा सडकको न्युनतम क्षेत्राधिकार गाँउ क्षेत्र भित्र ३० फिट र सरेहमा ४० फिट र अधिकतम क्षेत्राधिकार नक्सामा भए बमोजिमको बाटो कायम गरी दुवै तर्फ नाला निर्माण गर्ने निर्णय गरीयो ।
- उचिडि हुदै लामिडाडा सडक ढलान वडा नं १८ कार्यक्रमको लागी रु १० लाख बिनियोजित भएकोमा न्युनतम बाटोको चौडाँई ३५ फिट र अधिकतम नक्सा बमोजिम बाटो निकाली बाटो ढलान गर्ने निर्णय गरीयो ।
- काटा टोल देखि भवानीपुर जाने बाटो वडा नं १५ कार्यक्रमको लागी रु १० लाख बिनियोजित भएकोमा यस पुर्व वडा स्तरीय योजनाबाट समेत निर्माण कार्य भएकोमा सो योजनालाई निरन्तरता दिई थप निर्माण गर्ने निर्णय गरियो ।
- वडा नं २३ मा शालीमार स्टीलदेखि विच गाँउ हुदै नारायणी छाला मिल सम्म बाटो तथा नाला का लागी रु २० लाख बिनियोजित भएकोमा उक्त सडकाको न्युनतम क्षेत्राधिकार नाला सहित २० फिट र अधिकतम नक्सा बमोजिम हुने गरी पक्की नाला निर्माण गर्न निर्णय गरियो ।
- रमौलि लोसण्डा पक्कि बाँध वडा न ८,९, १०,२४ का लागि रु १० लाख बिनियोजित भएकोमा वडा नं ८ मा रहेको मुहानमा पक्कि बाँध निर्माण गर्ने निर्णय गरीयो ।
- पुर्वाधार विकास क्षेत्र भवन तथा शहरी विकास उपक्षेत्र अन्तर्गत २०० सैया अस्पताल जीतपुर शिर्षकमा रु ४० लाख बिनियोजित भएकोमा सो अस्पतालको लागी छुट्याइएको जग्गा संरक्षण गर्नुपर्ने र अस्पताल भवन तत्काल निर्माण हुन नसकिने भएकोले पर्खाल निर्माण निर्णय गरियो ।
- बधशाला निर्माण जीतपुर शिर्षकमा रु २० लाख बिनियोजित भएकोमा सो बधशालाको लागी आवश्यक जग्गा संरक्षणका लागी पर्खाल निर्माण गर्ने निर्णय गरियो ।
- जनसहभागितामा आधारित ५०–५० पचास पचास प्रतिशतमा सञ्चालनका लागी माग भएका तपशील बमोजिमका योजनाहरु सञ्चालन गर्ने निर्णय गरीयो ।

| क्र. सं. | योजनाको नाम | संचालन स्थान | वडा नम्बर |
|---|---|---|---|
| १ | पक्की सडक ढलान निर्माण | ईमलीपर्ति टोलको कालो पत्रे देखि पुर्व जाने ईमलीपर्ती चौक सम्म | वडा नम्बर ८ |
| २ | पक्की नाला निर्माण | तराई हस्पीटलको पछाडीको बाटो | वडा नम्बर २ |

Scanned by CamScanner

| | | | |
|---|---|---|---|
| ३ | बाटो ढलान तथा पक्की नाला निर्माण | राजमार्ग देखि गणेश पौडेलको घरसम्म | वडा नम्बर २ |
| ४ | बाटो ढलान तथा पक्की नाला निर्माण | अर्जुन श्रेष्ठको घर देखि क्लबघर सम्म | वडा नम्बर २ |
| ५ | पक्की नाला निर्माण | शिवपार्वती हल पूर्व विश्वनाथ कोईरीको घरदेखि दिपलाल कलवारको घर सम्म | वडा नम्बर ७ |
| ६ | पक्की सडक ढलान निर्माण | नितनपुर चौक देखि पश्चिम चोर्नी गाउँ सम्म | वडा नम्बर १० |
| ७ | पक्की सडक ढलान निर्माण | हाइवे देखि पुर्व नन्दन गेट हुदै भत्केको कल्भर्टसम्म | वडा नम्बर ३ |
| ८ | पक्की सडक ढलान निर्माण | सहकारी पसल देखि राम प्र तिमिल्सीनाको घरसम्मं | वडा नम्बर ४ |

निर्णय नम्बर ३ (घ): प्रस्ताव नम्बर ३(घ) सम्वन्धमा पुर्वाधार विकास समितिको मिति २०७५।१।१३ गतेको तपशिल बमोजिमको निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

- वार्ड नम्बर ५ मा रांगाभैसी बजार ब्यवस्थापनका लागी रु २० लाख बिनियोजित भएकोमा रांगाभैसी वजारमा सेड निर्माण गर्ने निर्णय गरियो ।
- कृषी उपक्षेत्र अन्तर्गत स्वीकृत कार्यक्रम साझेदारीमा आधारित कोल्डस्टोरेज निर्माणका लागी रु १० लाख विनियोजित भएकोमा प्रस्ताव सम्बन्धि सूचना आहान गर्ने निर्णय गरियो ।
- सहकारी उपक्षेत्र अन्तर्गत तपशीलका योजनाहरु कार्यान्यिवन सम्बन्धमा सहकारीहरुबाट प्रस्ताव मागका लागी सूचना आवहान गर्ने निर्णय गरियो ।

  (क) दुग्ध चिस्यान केन्द्र निर्माण

  (ख) महिला तथा लक्षित सहकारी पूर्वाधार निर्माण

  (ग) दुग्ध चिस्यान केन्द्र स्तरोन्नती

निर्णय नम्बर ३ (ङ): खानेपानी तथा सरसफाई उपक्षेत्र अन्तर्गत सौचालय ५ ठाउमा निर्माण गर्ने सम्वन्धमा सिमरा बजार क्षेत्र भित्र निर्माण भैरहेको सौचालयको डिजाइन अनुसार नै अमलेखगंज, पिलुवा, पथलैयामा सौचालय निर्माण गर्ने तथा जीतपुर बजार क्षेत्रका लागी घुम्ती सौचालय खरिद गर्ने निर्णय गरियो ।

निर्णय नम्बर ३ (च): खानेपानी आयोजना बिस्तारका लागी रु ३६ लाख विनियोजित भएकोमा वडा नम्वर २१ मा खानेपानी मुहान मर्मत तथा संरक्षणको लागी रु ५ लाखको कार्य गर्ने निर्णय गरियो ।

निर्णय नम्बर ३ (छ): इदगाह शिर्षकमा विनियोजित बजेट रु ७ लाख कार्यन्वयन सम्वन्धमा २४ मा कम्पाउण्ड वाल निर्माण गर्ने निर्णय गरियो ।

निर्णय नम्बर ४(क): प्रस्ताव नम्बर ४(क) सम्वन्धमा छलफल गर्दा उपभोक्ता समितिवाट गरिने योजनाहरुको सम्झौताको अन्तिम म्याद २०७५ वैशाख मसान्त कायम गर्ने निर्णय गरियो ।

निर्णय नम्बर ४(ख): यस उपमहानगरपालिकाको तपशील बमोजिमको योजना आगामी नगरसभावाट अनुमोदन हुने गरि संसोधन गर्ने निर्णय गरियो ।

Scanned by CamScanner

| वडा नम्बर | साविकको योजना | हाल कायम योजना | रकम | कैफियत |
|---|---|---|---|---|
| ३ | हाइबे रोड देखि सुर्य नेपाल सिप्रदी पर्खाल बीच हुदै बजनी बालुवाटोल जोड्ने बाटो ढलान नथा नाला निर्माण | अमृतलाल श्रेष्ठको घरदेखि दक्षिण तर्फ दुबैतर्फ पक्की नाला निर्माण | १० लाख | योजना परिवर्तन (नगर स्तरीय) |
| १२ | पक्कि नाला निर्माण र बाटो ग्रेभल( राय टोलमा पुकारको घर देखि पैनी सम्म नाला निर्माण तथा टोल भरि ग्राभेल | राय टोल चोक देखि भित्र जाने बाटोमा पक्की सडक ढलान | ५ लाख | योजना परिवर्तन (वडा स्तरीय) |
| १२ | माटोपुरी बाटो ग्रेभल( शान्ती टोल भित्र र सो बाटो हुदै जाने कृषि बाटो ग्रेभल | शान्ती टोल चौक देखि भित्र जाने कृषि सडकमा पक्की सडक ढलान | ५ लाख | योजना परिवर्तन (वडा स्तरीय) |
| १२ | माटोपुरी बाटो ग्रेभल ( पिपरीया चौक देखि स्कुल बाटो हुदै पुल सम्म ) | पिपरीया चौक देखि टोल भित्र र स्कुल सम्म ग्रेभल | ५ लाख | योजना परिवर्तन (वडा स्तरीय) |
| १३ | सामुदायिक भवन निर्माण र भठियापोता टोल छठिमाई घाटमा सिढी वाल निर्माण | भठिया पोता टोल छठिमाई घाटमा सिढी र वाल निर्माण | ३ लाख ५० हजार | योजना टुक्रिएको भएको वडा स्तरीय |
| | | अच्छेलाल सहनीको घरदेखि वकिल पटेलको घरसम्म बाटो ढलान | १० लाख | योजना टुक्रिएको भएको वडा स्तरीय |
| ७ | देव नारायण अमात्यको घरदेखि पश्चिम बाटो ढलान | तरकारी बजार देखि दक्षिण लाल बहादुर पटेलको घरसम्म बाटो ढलान | ५ लाख | वडा स्तरीय योजना परिवर्तन |
| ७ | सियाराम सिंहको घरबाट बाटो ढलान | शसि साह कलवारको घरदेखि शिवजी साह सोनारको घरसम्म पक्की नाला निर्माण | ५ लाख | योजना परिवर्तन वडा स्तरीय |
| ७ | शान्ती टोल भरतजीको घर देखी उत्तर पक्की नाला निर्माण | कपुरको घरदेखी उत्तर बलरामजीको घरसम्म बाटो ढलान | ५ लाख | वडा स्तरीय |

निर्णय नम्बर (५) प्रस्ताब नम्बर ५ सम्बन्धमा छलफल गर्दा यस उपमहानगरपालिका भित्र खेलकुद सम्बन्धी कार्यक्रम गर्न सामाजिक विकास समितिमा छलफल गरी आगामी कार्यपालिकाको बैठकमा प्रस्तुत गर्ने निर्णय गरियो ।

निर्णय नम्बर ६(क) प्रस्ताव नम्बर ६ सम्बन्धमा छलफल गर्दा यस जीतपुरसिमरा उपमहानगरपालिकाको वडा नम्बरहरु ३, ४, ५, ६, र ८ देखि २४ सम्मका क्षेत्रहरु ग्रामिण क्षेत्र तोक्न सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नम्बर ६(ख) प्रस्ताव नम्बर ६ सम्बन्धमा छलफल गर्दा अर्थ मन्त्रालयको अख्तियारी पत्रमा तोकिए बमोजिम प्राप्त रु १३ लाख मध्ये संजीबनी बाटिका बृद्धाश्रम जीतपुरको लागी रु ८ लाख, नेपाल अपाङ्ग सेवा संघ सिमरा बाराका लागी रु २ लाख र बृद्धाश्रम पथलैयाका लागी रु ३ लाख बिनियोजन भए बमोजिमको योजना कार्यन्वयन गर्ने निर्णय गरियो ।

Scanned by CamScanner

# जीतपुरसिमरा उपमहानगरपालिका नगरकार्यपालिकाको
# पन्ध्रौं बैठक

आज मिति २०७५।०५।०३ गते बिहिवार बिहान ११:३० बजे यस जीतपुरसिमरा उपमहानगरपालिका नगरकार्यपालिकाको पन्ध्रौं बैठक नगरप्रमुख श्री डा. कृष्ण प्र. पौडेलज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा बसी प्रस्तावित बिषयहरुमा छलफल गरीयो ।

<u>उपस्थिति</u>

श्री डा. कृष्ण प्र. पौडेल, प्रमुख, जीतपुरसिमरा उपमहानगरपालिका

श्री सरस्वतीचौधरी, उप-प्रमुख, जीतपुरसिमरा उपमहानगरपालिका

श्री हिरा ब. गुरुङ्ग, वडाध्यक्ष-१

श्री तिलक ब. श्रेष्ठ, वडाध्यक्ष-२

श्री जगन्नाथ घिमिरे, वडा,दध्यक्ष-३

श्री भोज ब. खत्री, वडाध्यक्ष-४

श्री मोहितचौधरी, वडाध्यक्ष-५

श्री कैमुदिन अंसारी, वडाध्यक्ष-६

श्री रामबाबु प्रसादकलवार, वडाध्यक्ष-७

श्री रामबाबु राउत कुर्मी, वडाध्यक्ष-८

श्री प्रभु नाथ प्रसादचौधरी, वडाध्यक्ष-९

श्री सरोज कुमार राउत, वडाध्यक्ष-१०

श्री बिनोद प्रसादयादव, वडाध्यक्ष-११

श्री लालबाबु प्रसादचौधरी, वडाध्यक्ष-१२

श्री राजेन्द्र प्रसादसिहँथारु, वडाध्यक्ष-१३

श्री रामशरण बर्तौला, वडाध्यक्ष-१४

श्री राम प्रसाद लामिछाने, वडाध्यक्ष- १५

श्री केदार नाथ बजगाई, वडाध्यक्ष- १६

Scanned by CamScanner

श्री नवराजबहादुर खड्का, वडाध्यक्ष- १७

श्री अर्जुन प्रसाददाहाल, वडाध्यक्ष- १८

श्री सुधन दास तत्मा, वडाध्यक्ष- १९

श्री रसुल मिया अंसारी, वडाध्यक्ष- २०

श्री कृष्ण बहादुर ठकुरी, वडाध्यक्ष- २१

श्री मणीकलाल थिङ्ग तामाङ्ग, वडाध्यक्ष- २२

श्री असलम देवान, वडाध्यक्ष- २३

श्री इलीयास देवान, वडाध्यक्ष- २४

श्री सुमित्रा कार्की, निर्वाचित सदस्य

श्री रामदुलारी चौधरी, निर्वाचित सदस्य

श्री सुन्दर बहादुर सुनार, निर्वाचित सदस्य

श्री श्याम सुन्दर पासवान, निर्वाचित सदस्य

श्री राजकुमार महरा, निर्वाचित सदस्य

श्री अनिता देवीचौधरी, निर्वाचित सदस्य

श्री सुभद्रान्यौपाने, निर्वाचित सदस्य

श्री कमलचौधरी, निर्वाचित सदस्य

श्री राम कृष्ण उप्रेती – सचिव

**अन्य उपस्थिती**

श्री नागेन्द्र प्र.चौधरी,शाखा अधिकृत

श्री विस्मील्लाह अन्सारी, लेखा अधिकृत

श्री राम नरेश यादव, ईन्जिनियर

श्री वीरेन्द्र वाईबा,ना.सु.

Scanned by CamScanner

छलफलका बिषयहरु:

१. रिपोर्टिङ्ग तथा कार्य प्रगती विवरण सम्बन्धमा ।

२. राजश्व परामर्श समितिको बैठकको निर्णय सम्बन्धमा ।

३. बिषयगत समितिहरुको निर्णय सम्बन्धमा ।

४. योजना सम्बन्धमा ।

५. खेलकुद सम्बन्धमा ।

६. विविध ।

निर्णयहरु:

निर्णय नम्बर (१): प्रस्ताब नम्बर १ सम्बन्धमा छलफल गर्दा नगरप्रमुख श्री डा. कृष्ण प्र. पौडेल र प्रमुख प्रशासकिय अधिकृत श्री रामकृष्ण उप्रेतीबाट उपमहानगरका समग्र गतिविधी, प्रशासनिक काम तथा योजना सञ्चालनको हालसम्म भएका प्रगति विवरण प्रस्तुत भयो ।

निर्णय नम्बर (२): प्रस्ताब नम्बर २ सम्बन्धमा छलफल गर्दा राजश्व परामर्श समितिको सिफारिस बमोजिम तपशिल बमोजिमको निर्णयहरु गरियो ।

(क): स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ को नगरपालिकाको वित्तिय अधिकार क्षेत्र अर्न्तगत दफा ५५ बमोजिम घर जग्गा कर र भूमिकर (मालपोत) लाई विस्थापन गरी मिति २०७५ श्रावण १ गते देखि अनिवार्य रुपमा एकीकृत सम्पती कर लगाउनु पर्ने कानुनी व्यवस्था भएको साथै यस उपमहानगरपालिकाको प्रथम नगरसभाबाट समेत यस उपमहानगरपालिकामा २०७५ श्रावण १ गते देखि एकिकृत सम्पती कर लागु गर्ने निर्णय भएको हुँदा एकिकृत सम्पती करको दर निर्धारण गर्नु पुर्व स्थानीय रुपमा सरोकार पक्षहरुसँग ब्यापक छलफल अन्तरक्रिया गरी राय सुझाब समेत लिई पछि दर रेट निर्धारण गर्ने गरी हाललाई तपशील बमोजिमको एकिकृत सम्पतपी कर ब्यवस्थापन कार्यविधि २०७५ स्वीकृत गर्ने निर्णय गरियो ।

(ख): स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५७ बमोजिम घर जग्गा बहाल कर उठाउने अधिकार स्थानीय तहलाई प्राप्त भएको साथै २०७४ चैत्र १२ गतेको मन्त्रीपरिषद बैठकले समेत आन्तरिक राजस्व कार्यालयले घर बहाल कर संकलन नगर्नु भनी निर्णय गरिसकेको अवस्थामा चालु आ.ब. २०७४।७५ देखि नगरसभाबाट अनुमोदन हुने गरी १० प्रतिशतका दरले घर जग्गा बहाल कर लगाउने निर्णय गरियो ।

(ग): राँगाभैसी बजार ठेक्का सम्बन्धमा ठेकेदार श्री श्यामबाबु सिंह भुइहारलाई आ.ब. ०७२।७३ देखि आ.ब. ०७६।७७ सम्मको लागि ठेक्का दिइएको सम्बन्धमा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ३८५ मिति २०७४।१२।१२ को पत्रबाट उक्त ठेक्काको कबोल रकम र ठेक्का अवधि युक्तिसंगत नदेखिएको हुदाँ पुनरावलोकन गर्न भनि लेखि आएकोमा हाल निर्वाचित जनप्रतिनिधिहरु समेत बहाल भईसकेको अवस्थामा यस नगरको प्रमुख आन्तरिक श्रोतको रुपमा रहेको उक्त श्रोतलाई ब्यवस्थित गर्नुपर्ने देखिएकोले उक्त ठेक्का २०७५ आषाढ मसान्तसम्म मात्र कायम राखी बाँकी अवधिको ठेक्का बदर गर्ने र सोको जानकारी ठेकेदारलाई दिई आगामी आर्थिक वर्ष ०७५।७६ देखि वार्षिक रुपमा राँगाभैसी बजारको नयाँ ठेक्का बन्दोबस्त गर्ने निर्णय गरियो ।

(घ): जितपुरसिमरा उपमहानगरपालिकामा बिगत बर्ष देखि लगाउदै आएको पार्किङ्ग शुल्क दररेट यथावत उठाउनका लागि ठेक्का प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नम्बर (३): विषयगत समितिहरुको निर्णय सम्बन्धमा छलफल गर्दा तपशील बमोजिमको निर्णय गरियो ।

निर्णय नम्बर ३(क): सामाजिक विकास समितिको तपशील बमोजिमको सिफारिसहरु अनुमोदन गर्ने निर्णय गरियो

I. सामाजिक विकास शिर्षक अर्न्तगतका शिक्षा सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्ने सम्बन्धमा निम्नानुसारको कार्यक्रम/योजनाहरु सञ्चालन गर्ने निर्णय गरियो ।



Scanned by CamScanner

| क्र.स. | कार्यक्रमको नाम | छनौटको आधार | छनौट भएको बिद्यालय | कैफियत |
|---|---|---|---|---|
| १ | बाल विकास केन्द्र संचालन<br>५ विद्यालय | हालसम्म वालविकास केन्द्र (ECD) सञ्चालन नभएका वा ECD मा ५० जना भन्दा बढी बालबालिका भएका सामुदायिक विध्यालय। | श्री ने.रा.मा.बि. फत्तेपुर<br>श्री फकिरा गिरी राजेश्वर गिरी मा.बि. नगौल<br>श्री शिबपार्वति आधारभूत विद्यालय दुधौरा<br>श्री साङ्गेछ्याइलिङ्ग बौद्ध प्रा बि अमलेखगञ्ज<br>श्री ने.रा.आ.बि. रमौली लोसन्डा | प्रति बिद्यालय रु ८० हजारका दरले |
| २ | अपांग तथा महिला मैत्री शौचालय<br>५ विद्यालय | शौचालय नभएको र सीमान्तकृत तथा अति विपन्न विध्यार्थीहरु अध्ययन गर्ने सामुदायिक विध्यालय । | श्री ने.रा.आ.बि बजनी<br>श्री मौवादेवी मा.वि. डकाहा<br>श्री ने.रा.मा.वि. छातापिप्रा<br>श्री बुद्ध प्रा.बि. मथुरापुर<br>श्री नि.मा.बि. हरपुरबलुवा | प्रति बिद्यालय रु ६ लाखको दरले |
| ३ | नयाँ प्राविधिक विध्यालय स्थापनार्थ सहकार्य | सञ्चालन प्रक्रियामा रहेको नयाँ प्राविधिक विध्यालयबाट प्रस्तावना प्राप्त । | श्री जनजागृति मा.बि.जीतपुरसिमरा १६ सखुवाघाट | रु ५ लाख |
| ४ | बाल विकास केन्द्र व्यवस्थापन (T.V., कार्पेट तथा शैक्षिक सामाग्री वितरण) | ब्यवस्थितरुपमा सञ्चालन हुन नसकेका बाल विकास केन्द्रहरु । | श्री ने.रा.मा.बि.अमलेखगञ्ज<br>श्री ने.रा.मा.बि. नरवस्ती<br>श्री ने.रा.आ.बि.मिल्स एरिया भलुही<br>श्री ने.रा.आ.बि. गमरगाँवा<br>श्री ने.रा.आ.बि. टाँगियावस्ती<br>श्री दुलारीमाई आ.बि. बस्डिलवा<br>श्री सुर्योदय आ.बि. ढुकुवाबास<br>श्री जनसामुदायिक आ.बि. इनर्वासिरा<br>श्री ने.रा.मा.बि. पथलैया<br>श्री ने.रा.आ.बि. चकरी | प्रति बिद्यालय रु ५० हजारका दरले |
| ५ | कम्प्यूटर वितरण<br>१० विद्यालय | कम्प्यूटर नभएका तथा अपर्याप्त भएका, विधुत जडान भएका आधारभूत सामुदायिक विध्यालयहरु (कक्षा १ देखी ८ सम्म)। | श्री आदर्श आ.बि. वेहरा नहरडयाम<br>श्री ने.रा.आ.बि. नितनपुर<br>श्री बालज्योती आ.बि. डुमरवाना भवानीपुर<br>श्री ने.रा.आ.वि. नगौल जीतपुर<br>श्री सरस्वती आ.बि. दशत्रिगहा<br>श्री ने.रा.आ.बि. मटिअरिया ठूलो<br>श्री जनकल्याण आ.बि. नयाँवस्ती<br>श्री ने.रा.आ.बि. कतर्वा<br>श्री थानी आ.बि. वीरेदमार<br>श्री ने.रा.आ.बि. इनर्वाशिरा कञ्चनपुर | रु १३ लाख ५० हजारको कम्प्युटर खरिद गरी दामासाहीले बितरण गर्ने । |
| ६. | कम्प्यूटर तालिम | कम्प्यूटर भएको तर कम्प्यूटर शिक्षा दिने दक्ष जनशक्ती नभएका सामुदायिक विध्यालयहरु । | " | |

ii. लैंगिक समानता तथा समावेशीकरण शिर्षक अन्तर्गत लक्षित वर्गहरुको लागि तोकिएर कार्यक्रममा समावेश भएको नदेखिएकोले लक्षित वर्ग अन्तर्गतका महिला, दलित, पिछडावर्ग, मुस्लिम, आदिवासी/जनजाति समेतका लागि तपशिल बमोजिमको कार्यक्रमहरु समावेश गर्ने निर्णय गरियो।

Scanned by CamScanner

लैंगिक समानता तथा समावेशीकरण शिर्षक अन्तर्गतका महिला वालवालिका कार्यालय कार्यक्रम शिर्षकको रु २५ लाख, आवास सुधार सचेतना तथा सहकार्य कार्यक्रमको रु १० लाख, पञ्जिकरण सम्बन्धी अभिमुखिकरण कार्यक्रमको रु ५ लाख र सामाजिक विकास तर्फको शिक्षा अन्तर्गत साक्षरता प्रवर्धन कार्यक्रमबाट रु ५ लाख समेत गरी जम्मा रु ४५ लाख नगरसभाबाट अनुमोदन हुने गरी निम्न बमोजिमको लक्षित वर्गमा कार्यक्रम सञ्चालनका लागि रकम बाँडफाँड गरी कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| (क) महिलाको लागि | रु १० लाख |
| (ख) दलितका लागि | रु २० लाख |
| (ग) आदिवासी/जनजातीका लागि | रु ५ लाख |
| (घ) मुस्लिमको लागि | रु ५ लाख |
| (ङ) पिछडा बर्गका लागि | रु ५ लाख |

iii. खेलकुद तथा मनोरञ्जन शिर्षक अन्तर्गत खेलकुद सामग्री शिर्षकमा विनियोजित रु. ५ लाख मध्ये वडा समितिको सिफारिसको आधारमा प्रत्येक वडालाई रु.१५,०००।- को दरले हुने रु. ३,६०,०००।— बराबरको र बाँकी रकम रु. १,४०,०००।— प्रमुख , उपप्रमुख समेतको सिफारिसको आधारमा उपमहानगरपालिकाबाट खेलकुद सामाग्री खरिद गरी वितरण गर्ने निर्णय गरियो ।

निर्णय नम्बर ३(ख): वातावरण तथा विपद ब्यवस्थापन समितिबाट सिफारिस भई आए बमोजिम तपशिल बमोजिमको निर्णय गरियो ।

i. बायोग्यास कार्यक्रम सञ्चालनका लागी छनौट भएको संस्थाले गोबर ग्यास प्रयोग कर्ताको छनौट गर्दा आर्थिक रुपले विपन्न,एकल महिला, दलित, सिमान्तकृत, समूहलाई प्राथमिकतामा राखी छनौट गर्नु पर्ने निर्णय गरियो ।

ii. जितपुरसिमरा उपमहानगरपालिका वडा नं. १६ टाँगियावस्तीमा हालसालै गएको हावाहुरीले श्री नेपाल राष्ट्रिय आधारभुत विद्यालय टाँगियाबस्तीको छाना उडाएकोले चालु तर्फको निर्मीत सार्वजनिक सम्पती सम्भार खर्च शिर्षकबाट मर्मत गर्ने निर्णय गरियो ।

निर्णय नम्बर ३(ग): आर्थिक विकास समितिबाट सिफारिस भई आए बमोजिम तपशिल बमोजिमको निर्णय गरियो ।

i. कृषि उपक्षेत्र अन्तर्गतको *अन्तर जिल्ला कृषक भ्रमण* सम्बन्धमा प्रत्येक वडाबाट वडाध्यक्षको सिफारिशमा १/१ जना ब्यबसायिक कृषक छनौट गरी २४ जना कृषकहरु समेतलाई कृषि भ्रमण गराउने निर्णय गरियो ।

ii. Electronic spare वितरण गर्न १२० जना माग गरिएकोमा १०५ जनाको मात्र निवेदन प्राप्त भएकोले निजहरुलाई वितरण गर्ने साथै बाँकी रहेकोलाई वडाको सिफारिसको आधारमा वितरण गर्ने निर्णय गरियो ।

निर्णय नम्बर (४) प्रस्ताव नम्बर ४ सम्बन्धमा छलफल गर्दा पुर्वाधार विकास समितिको सिफारिसको आधारमा तपशील बमोजिमको निर्णय गरियो ।

(क) नगर स्तरिय तथा वडा स्तरिय योजनाहरु तपशिल बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

| वडा नम्बर | साविकको योजना | हाल कायम योजना | रकम | कैफियत |
|---|---|---|---|---|
| ३ | अमृतलाल श्रेष्ठको घरदेखि दक्षिण तर्फ दुबैतर्फ पक्की नाला निर्माण | अमृतलाल श्रेष्ठको घरदेखि दक्षिण तर्फ पक्की सडक ढलान निर्माण | १० लाख | योजना परिवर्तन नगर स्तरीय |
| ४ | बकुलिया बिसौलिया चौधरी टोल हुदै औराहा नमुना सडक वडा ४ र ५ | बकुलिया बिसौलिया चौधरी टोल हुदै औराहा नमूना सडक वडा नं ४ मा पक्की सडक तथा नाला निर्माण | ४० लाख | योजना परिवर्तन नगर स्तरीय |
| ४ | कियापुत्री घर निर्माण, वार्ड नं ४ | पक्की नाला निर्माण शान्ति टोलमा | ५ लाख | योजना परिवर्तन वडा स्तरीय |

Scanned by CamScanner

| १४ | प्रगति प्राथमिक विद्यालय भवन निर्माण | चौधरी टोलमा अधुरो सार्वजनिक भवन निर्माण | २ लाख | योजना परिवर्तन वडा स्तरीय |
|---|---|---|---|---|
| १५ | शुक्लैया आधारभूत विद्यालय | बालज्योती आधारभूत विद्यालय भवानीपुर | १ लाख | योजना परिवर्तन वडा स्तरीय |

(ख) स्मसानघाट निर्माण शिर्षकमा बिनियोजित रकम रु. १० लाखबाट वार्ड नं. ४ मा रु. ५ लाख र वार्ड नं. ७ मा रु. ५ लाख बिनियोजन गरी कार्य सञ्चालन गर्ने निर्णय गरियो ।

(ग) टाउनहल सिमरा शिर्षकमा बिनियोजित रकम रु. ३० लाखबाट रु. १० लाखको डि.पि.आर. तयार गर्ने र बाँकी २० लाख मध्येबाट कम्पाउण्डवाल निर्माण गर्ने निर्णय गरियो ।

(घ) खानेपानी तथा सरसफाई शिर्षक अन्तर्गत खानेपानी आयोजना बिस्तारमा तपसिल बमोजिमको बजेट बिनियोजन गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | आयोजनाको नाम | बिनियोजित बजेट | वार्ड |
|---|---|---|---|
| १ | पथलैया खानेपानी | ५ लाख | १ |
| २ | सिमरा खानेपानी अन्तर्गत मुसर्नीमाई | ५ लाख | २ |
| ३ | सिमरा खानेपानी अन्तर्गत औराहा | ७ लाख | ४ |
| ४ | डुमरवाना खानेपानी | ५ लाख | १५ |
| ५ | सखुवाघाट खानेपानी | ५ लाख | १६ |
| ६ | अमलेखगन्ज खानेपानी | ४ लाख | २१ |
| | जम्मा | ३१ लाख | |

(ङ) खानेपानी तथा सरसफाई शिर्षक अन्तर्गत शुद्ध खानेपानी प्रवर्द्धन कार्यक्रममा तपसिल बमोजिमको योजनामा बजेट बिनियोजन गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | योजनाको नाम | बिनियोजित बजेट | वार्ड |
|---|---|---|---|
| १ | चकरी नयाँवस्ती खानेपानी ईन्टेक निर्माण | ६ लाख | २२ |
| २ | जीतपुर बकुलिया खानेपानी आयोजना | ५ लाख | ५ |

(च): तपसिलका स्थानहरुमा खानेपानी ट्यूवेल निर्माण गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | योजनाको नाम | बिनियोजित बजेट | वार्ड |
|---|---|---|---|
| १ | फत्तेपुर स्वास्थ चौकी ट्यूवेल निर्माण | लागत अनुमान बमोजिम | १२ |
| २ | पिपरीया प्रा.वि. | लागत अनुमान बमोजिम | १२ |
| ३ | छातापिपरा बिद्यालय | लागत अनुमान बमोजिम | ९ |
| ४ | ने.रा.आ.वि. नगौल | लागत अनुमान बमोजिम | ६ |
| ५ | पशु सेवा केन्द्र बडहर्वा | लागत अनुमान बमोजिम | १८ |

(छ): स्वास्थ्य शिर्षक अन्तर्गत नया बर्थिङ्ग सेन्टर व्यवस्थापन सम्बन्धमा वार्ड नं. १७ जैतापुर स्वास्थ्य चौकी भवन मर्मत सम्भार गर्न रु. ३ लाख बिनियोजन गर्ने निर्णय गरियो ।

(ज): सार्वजनिक सम्पतीको सम्भार खर्च शिर्षकबाट वार्ड नं. ९ र वार्ड नं १० को वडा कार्यालय भवन मर्मत तथा सम्भार गर्ने निर्णय गरियो ।

(झ): सहकारी संस्थाहरु दुग्ध चिस्यान केन्द्र निर्माणको लागि डुमरवाना दुग्ध उत्पादक सहकारी संस्था लि. डुमरवानालाई रु. १० लाख, महिला तथा लक्षित वर्गको सहकारी सस्थाको पूर्वाधार निर्माणको लागि सिमरा महिला वचत तथा ऋण

Scanned by CamScanner

सहकारी संस्थालाई रु. १० लाख, दुग्ध चिस्यान केन्द्र स्तरोउन्नतीको लागि श्री प्रभातफेरी दुग्ध उत्पादक सहकारी संस्था सिमरा, श्री पन्चामृत दुग्ध उत्पादक सहकारी संस्था लि. रामनगर हरैया र श्री कन्चनपुर दुग्ध उत्पादक सहकारी संस्था लि. लाई रु.५ लाखका दरले पूर्वाधार तथा पुँजिगत सामाग्रीका लागि रकम बिनियोजन गरी उपरोक्त अनुसार न.पा.बाट बिनियोजित रकम न्यूनतम ५० प्रतिशत हुने गरी सहभागितामा कार्य सम्पन्न गर्ने निर्णय गरियो ।

(ञ) यस उपमहानगरपालिकाको प्रथम नगरसभाबाट स्विकृत पर्यटन क्षेत्रको पर्यटन जोन (चुरिया अमलेखगंज आधाभार पथलैया स्मारक) उपक्षेत्र अर्न्तगत बिनियोजित बजेट रु २५ लाखको कार्यान्वयन सम्बन्धमा पर्यटन बिकासका लागी सम्पुर्ण उपमहानगरपालिकालाई लक्षित गर्दै Workshop गरी पर्यटन सम्बन्धि अवधारणा पत्र तयार गर्नका निमित्त रु ५ (पाँच) लाख बिनियोजन गर्ने, जीतपुरसिमरा उपमहानगरपालिका वडा नं ९ स्थित गढीमाई मन्दिर ब्यवस्थापन अर्न्तगत रेलिङ्ग सहितको काम गर्न रु ५ (पाँच) लाख बिनियोजन गर्ने, जीतपुरसिमरा उपमहानगरपालिका वडा नं २२ स्थित चुरियामाई/ शिद्धबाबा मन्दिर क्षेत्रमा पर्यटन बिकासका लागी रु ५ (पाँच) लाख बिनियोजन गर्ने, जीतपुरसिमरा उपमहानगरपालिका अमलेखगंज क्षेत्रमा पर्यटन सम्बन्धि जनचेतनामुलक, शीपमुल तथा होमस्टे कार्यक्रम गर्न रु ४ (चार) लाख रुपैया बिनियोजन गर्ने र जीतपुरसिमरा उपमहानगरपालिका वडा नं २१ स्थित अमलेखगञ्ज क्षेत्रमा रहेको पुरातात्विक रेल्वे टिकट घर सहित अन्य ऐतिहासिक स्थलहरुको ब्यवस्थापन गर्न रु ५ (पाँच) लाख रुपैया बिनियोजन गर्ने निर्णय गरीयो ।

निर्णय नम्बर (५): प्रस्ताव नम्बर ५ सम्बन्धमा छलफल गर्दा तपशील बमोजिम निर्णय गरियो ।

क) खेलकुद तथा मनोरञ्जन शिर्षक अन्तर्गत फुटवल, क्रिकेट लगायत जिल्ला स्तरभन्दा माथीका प्रतियोगिता शिर्षक अन्तर्गत मेयर कप फुटवल प्रतियोगिताका लागी प्राप्त प्रस्ताव बमोजिम विकासशील युवा क्लब सिमरा द्वारा प्रतियोगिता सञ्चालन गर्ने गरी र उपमहानगरपालिकामात्र प्रायोजक रहने गरी रु ३ लाख ५० हजार विनियोजन गर्ने निर्णय गरियो ।

ख) यस जितपुरसिमरा उपमहानगरपालिकामा चालु आ.ब. ०७४।७५ मा सञ्चालन हुने प्रथम मेयर कप फुटवल प्रतियोगितामा सहभागी हुने प्रत्येक वडाको टिमको लागी पोषाक लगायत विविध खर्चका लागी रु. २० हजारका दरले रु ४ लाख ८० हजार मात्र र जनप्रतिनिधि र कर्मचारीबीच मैत्रीपूर्ण फुटवल प्रतियोगिता ब्यवस्थापनका लागी रु २ लाख २० हजार गरी जम्मा रु ७ लाख चालु तर्फ *कार्यक्रम खर्च* शिर्षकबाट विनियोजन गर्ने र सोको सञ्चालन तथा ब्यवस्थापन गर्न वडा नं. १ का वडाध्यक्ष श्री हिरा बहादुर गुरुङ्गलाई जिम्मेवारी दिने निर्णय गरियो ।

निर्णय नम्वर (६): प्रस्ताव नम्बर ६ सम्बन्धमा छलफल गर्दा तपशिल बमोजिमको निर्णय गरियो ।

(क): उपमहानगरपालिकाका विभिन्न वडाहरुमा निर्माण भैरहेका सडकहरुमा एकरुपता ल्याउनका लागि विभिन्न प्रयास भई रहेकोमा कतिपय स्थानमा निर्माण कार्य गर्दा कठिनाई समेत भएको हुँदा प्रत्येक वडा समितिबाट आ-आफ्नो वडाको सडकहरुको मापदण्ड तयार गरी नगरपालिकामा उपलब्ध गराई नगर भरिकै सडकको मापदण्ड निर्माण गर्ने र आगामी वर्षको बजेट निर्माण गर्दा मापदण्ड समेतलाई मध्यनजर गरी २०७५ श्रावण १ गते देखि लागू हुने गरी निर्माण प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

ख): जीतपुरसिमरा उपमहानगरपालिका वडा नम्बर २ स्थित त्रिभुवन राजपथबाट आन्तरिक राजस्व कार्यालय सिमरा हुदै सो कार्यालयको उत्तरतर्फ जोडिएको बाटोको मापदण्ड नाला सहित २० फिट कायम गर्न वडा समितिबाट सिफारिस भई आए बमोजिम सोही बमोजिमको मापदण्ड निर्धारण गर्ने निर्णय गरियो । उक्त बाटो बिस्तार गरी नाला निर्माण गर्न जनताले आफ्नो जग्गा छोडिसकेकोले आन्तरिक राजस्व कार्यालय सिमरालाई समेत बाटो बिस्तारका लागी जनसहभागिता सरह ४ फिटका दरले जग्गा छोड्न अनुरोध गर्ने निर्णय गरियो ।

(ग): वडा नं. ३ को वडा कार्यालय भवन संचालन गर्न घर भाडाको लागि सूचना प्रकाशित भए अनुसार पर्न आएको सबै भन्दा कम रकम पेश गर्ने देवकी नेपालीको रु ८०००।— मासिक भाडा स्वीकृत गर्ने निर्णय गरियो ।

Scanned by CamScanner

# जीतपुरसिमरा उपमहानगरपालिका नगरकार्यपालिकाको
# सोह्रौं बैठक

आज मिति २०७५।०२।१९ गते शनिवार दिउसो १:०० बजे यस जीतपुरसिमरा उपमहानगरपालिका नगरकार्यपालिकाको सोह्रौं बैठक नगर प्रमुख श्री डा. कृष्ण प्र. पौडेलज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा बसी प्रस्तावित बिषयहरुमा छलफल गरीयो ।

**उपस्थिति**

श्री डा. कृष्ण प्र. पौडेल, प्रमुख, जीतपुरसिमरा उपमहानगरपालिका

श्री सरस्वतीचौधरी, उप-प्रमुख, जीतपुरसिमरा उपमहानगरपालिका

श्री हिरा ब. गुरुङ्ग, वडाध्यक्ष-१

श्री तिलक ब. श्रेष्ठ, वडाध्यक्ष-२

श्री जगन्नाथ घिमिरे, वडा,दध्यक्ष-३

श्री भोज ब. खत्री, वडाध्यक्ष-४

श्री मोहितचौधरी, वडाध्यक्ष-५

श्री कैमुदिन अंसारी, वडाध्यक्ष-६

श्री रामबाबु प्रसादकलवार, वडाध्यक्ष-७

श्री रामबाबु राउत कुर्मी, वडाध्यक्ष-८

श्री प्रभु नाथ प्रसादचौधरी, वडाध्यक्ष-९

श्री सरोज कुमार राउत, वडाध्यक्ष-१०

श्री बिनोद प्रसादयादव, वडाध्यक्ष-११

श्री लालबाबु प्रसादचौधरी, वडाध्यक्ष-१२

श्री राजेन्द्र प्रसादसिहँथारु, वडाध्यक्ष-१३

श्री रामशरण बर्तौला, वडाध्यक्ष-१४

श्री राम प्रसाद लामिछाने, वडाध्यक्ष- १५

श्री केदार नाथ बजगाई, वडाध्यक्ष- १६

Scanned by CamScanner

श्री नवराजबहादुर खड्का, वडाध्यक्ष- १७

श्री अर्जुन प्रसाददाहाल, वडाध्यक्ष- १८

श्री सुधन दास तत्मा, वडाध्यक्ष- १९

श्री रसुल मिया अंसारी, वडाध्यक्ष- २०

श्री कृष्ण बहादुर ठकुरी, वडाध्यक्ष- २१

श्री मणीकलाल थिङ्ग तामाङ्ग, वडाध्यक्ष- २२

श्री असलम देवान, वडाध्यक्ष- २३

श्री इलीयास देवान, वडाध्यक्ष- २४

श्री सुमित्रा कार्की, निर्वाचित सदस्य

श्री रामदुलारी चौधरी, निर्वाचित सदस्य

श्री सुन्दर बहादुर सुनार, निर्वाचित सदस्य

श्री श्याम सुन्दर पासवान, निर्वाचित सदस्य

श्री राजकुमार महरा, निर्वाचित सदस्य

श्री अनिता देवीचौधरी, निर्वाचित सदस्य

श्री सुभद्रान्यौपाने, निर्वाचित सदस्य

श्री कमलचौधरी, निर्वाचित सदस्य

श्री शिव कुमार कार्की - सचिव

**अन्य उपस्थिती**

श्री नागेन्द्र प्र.चौधरी,शाखा अधिकृत

श्री विस्मील्लाह अन्सारी, लेखा अधिकृत

श्री नविन गङतान लामा, शाखा अधिकृत

श्री राम नरेश यादव, ईन्जिनियर

श्री वीरेन्द्र वाईबा,ना.सु.

श्री हरिकिशोर साह, ना.प्र.

Scanned by CamScanner

प्रस्ताव नं. १: २०७५ जेठ १७ गते उपमहानगरपालिका कार्यालयमा भएको घटना सम्वन्धमा ।

निर्णय नं. १: प्रस्ताव नं. १ को छलफलमा मिति २०७५ जेठ १७ गते उपमहानगरपालिका कार्यालयको पश्चिमतर्फ रहेका राजु पटेललगायतका केही व्यक्तिहरु आई हुलहुज्जत गर्ने, उपमेयर श्री सरस्वती चौधरीलाई गालीबेइज्जती गर्ने, मेयरज्यू, वडाअध्यक्षज्यू एवम् जनप्रतिनिधिहरु र कर्मचारीमाथि अपशव्द व्यक्त गर्ने, कम्पाउण्डवाल तोडफोड गर्ने, कर्मचारीमाथि हातपात गर्नेलगायतका अराजक र अवाञ्छित क्रियाकलापको घटनाप्रति गम्भिर ध्यानाकर्षण भएको छ । जीतपुरसिमरा उपमहानगरपालिकाका जननिर्वाचित प्रतिनिधिहरु र कर्मचारीहरुमाथि दुर्व्यवहार गर्ने गम्भिर घटनाका सन्दर्भमा कार्यपालिकाको यो वैठक घोर भर्त्सना व्यक्त गर्दछ ।

सुरक्षालाई समयमा जानकारी गराउदा पनि तत्काल आएर प्रभावकारी समाधान गर्न नसकेको र घटनाको छानविन गरी दोषी उपर कडा कानूनी कारवाहीको आग्रह गर्दा पनि हालसम्म उचित सुनुवाई नभएकोप्रति यो वैठक चिन्ता व्यक्त गर्दछ ।

उपमहानगरपालिका कार्यालयमा जिल्ला सुरक्षा समितिसंग कम्तीमा पांच जना सुरक्षाकर्मीहरुको टुकडी राख्न, मेयर र उपमेयरलाई पिएसओ सुविधा मांग गर्ने निर्णय गरियो ।

उक्त घटनाको सन्दर्भमा यथार्थ छानविन गर्न, दोषी उपर कारवाही पहल गर्न र आवश्यक सुरक्षा सावधानीका लागि तपसिल बमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो:

संयोजक: डा. कृष्ण पौडेल, मेयर
सदस्य: श्री रामबाबु गुप्ता, कार्यपालिका सदस्य
सदस्य: श्री सुदनदास तत्मा, कार्यपालिका सदस्य
सदस्य: श्री सरोज पटेल, कार्यपालिका सदस्य
सदस्य: श्री असलम देवान, कार्यपालिका सदस्य
सदस्य: श्री रसुल अन्सारी, कार्यपालिका सदस्य
सदस्य: श्री शोभा कार्की, कार्यपालिका सदस्य
सदस्य: श्री अनिता चौधरी, कार्यपालिका सदस्य
सदस्यसचिव: श्री शिवकुमार कार्की, प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner